साप्ताहिक
# गोरखा एक्सप्रेस
गोरखा एक्सप्रेस अनलाइनमा
www.nepaltoday.com.np
GORKHA EXPRESS NATIONAL WEEKLY
माटोवादीहरुको साझा पत्रिका
वर्ष ४३ अंक २३ २०८१ पुस २३ गते मंगलबार (Jan.7, 2025) मूल्य रु. १०/-

## अमेरिकाबाट खुशीको खबर

एमसीसी बारे ठूलै रडाकोपछि संसदबाट पास भयो, कार्यान्वयनमा गयो । ठेक्का प्रकरणमा अधिक लगानी हुनेभएपछि एमसीसी बोर्ड, अमेरिकाले थप अनुदान ५० मिलियन अमेरिकी डलर स्वीकृत गरेको छ जसले कम्प्याक्टको कुल वजेटलाई ७४७ मिलियन अमेरिकी डलरसम्म पुऱ्याउने छ । दूतावासले भनेको छ- यो उत्तम कदमले अमेरिका र नेपाल बीचको लगातार र सशक्त साझेदारीलाई प्रदर्शन गर्दछ र यसले नेपाली नागरिकहरूको जीवनस्तर सुधार गर्नका लागि र रूपान्तरणकारी पूर्वाधार परियोजनाहरू अघि बढाउनको लागि दुबै देशको समर्पणलाई थप प्रगाढ बनाउँछ ।

एमसीसी नेपालको पूर्वाधार विकासमा अमेरिकी अनुदान सहयोग हो । थप सहयोग दिने अमेरिकी प्रस्तावलाई नेपाल सरकारले स्वीकृत गर्न बाँकी रहेको छ ।

एमसीसी कम्प्याक्ट अपरेशनका उपाध्यक्ष क्यामरन अल्फोर्डका अनुसार यस अतिरिक्त आर्थिक सहयोगले नेपालको विद्युत् ग्रिडलाई बलियो बनाउने र दीर्घकालीन आर्थिक वृद्धिलाई प्रवर्द्धन गर्ने दिशामा हाम्रो साझा प्रतिबद्धतालाई पुष्टि गर्दछ ।

अब प्रश्न छ, एमसीसी पास गर्ने संसद र कार्यान्वयन गर्ने सरकारले यो परियोजनालाई नेपाल र नेपालीको हक र हितमा कसरी सार्थक र सफल पार्ने हुन् ?

## भाजपालाई पूर्वराजाको शिक्षा

इतिहास साक्षी छ, ०४६ सालमा जनआन्दोलन हुँदा दिल्लीले एसके सिंहमार्फत 'नेपालको सुरक्षा, परराष्ट्र र जनलस्रोत'को जिम्मा दिए आन्दोलन रोक्ने प्रस्ताव




पठाएको थियो । तत्कालीन राजा वीरेन्द्र जनताका सामु झुक्न तैयार भए, भारतको प्रस्तावलाई अस्वीकार गरे । २०६३ सालको जनआन्दोलनको सहजकर्ताको रूपमा दिल्लीले करण सिंहलाई पठाएको थियो र उनकै उपस्थितिमा वैशाख ११ गते सम्झौता भएको र संसद ब्यूँतिएको थियो । अब भाजपाका भन्दा शक्तिशाली आरएसएस अखण्ड भारतका लागि सघाउन भारतमै रहेका पूर्वराजालाई प्रस्ताव राख्न पुगेका छन् । आफ्ना पुर्षाको भार बोकेका राजाले भागवतको प्रस्तावलाई अस्वीकारमात्र गरेनन, नेपाल स्वाधीन र सार्वभौम रहेको शिक्षा दिएका छन् ।

## भारततिर हेर्दै पाक र बंगलादेश जान्छु

'सबैसँग मित्रता र छैन कसैसँग शत्रुता' भन्दै प्रधानमन्त्री केपी ओलीले भनेका छन्- चीनपछि पाकिस्तान जान्छु । उनले यही मेसोमा बंगलादेशका राजदूतसँग भेटवार्ता गरेका थिए, राजदूतलाई भने- बंगलादेशको भ्रमण गर्न चाहन्छु ।

भारततिर हेर्दै चीन पुगेका प्रम ओलीले पाकिस्तानी र बंगलादेशका राजदूतलाई भनि त दिएकी म भ्रमणमा आउँछु । जान चाहिं प्रम कुन देश जान्छन् । भारतले



अझै पनि प्रम ओलीलाई भ्रमणको निम्तो दिएको छैन । भारतको नेपालनीति कठोर बन्दै गएको छ, नेपालको कूटनीति झन झन फितलो हुँदैछ । प्रम ओली र परराष्ट्रमन्त्री डा.आरजु राणाले गरेको चीनभ्रमण र भ्रमणका समयमा बीआरआईका १० आयोजना कार्यान्वयन गर्न सहमति गरेपछि भारत धेरै नै रिसाएको छ ।

बंगलादेशकी प्रधानमन्त्रीलाई जनताले लखेटेपछि भारत निर्वासनमा छिन् भने पाीकस्तानमा पनि राजनीतिक स्थिरता कायम भइसकेको छैन । यद्यपि पाकिस्तानका राजदूत एब्रार एच हस्मीले प्रधानमन्त्री केपी शर्मा ओलीलाई पाकिस्तान भ्रमणको निम्ता दिइसकेको जानकारी प्रमका सहयोगी प्रकाश सिलवालले दिएका छन् । बंगलादेशबाट निम्तो आइसकेको छैन । भारतले सुन्नेगरी पाकिस्तान र बंगलादेश जान्छु भने पनि भारतले नसुनेझैं गरिरहेको छ । पूर्वराजाको लखनउ दिल्ली भ्रमण र त्यहाँ प्रम मोदीदेखि आरएसएसका प्रमुख, रक्षा र विदेश मन्त्रीको भेटवार्ताले नेपालमा कोर्ष करेक्शनको चर्चा बाक्लिएको छ । नेपाली राजनीतिमा प्रभावशाली रहेको भारत अर्थात *उँट किस तरफ करबट लेगा* उत्सुकता बढेको छ ।

एक त चीनसँग बीआरआईको सम्झौता, त्यसपछि भारतले मारेको र पाकिस्चानसँगको दुश्मनीपूर्ण व्यवहारका कारण ९ वर्षदेखि छायाँमा पारिएको सार्कलाई ब्यूँताउनका लागि अध्यक्ष राष्ट्रको नाताले पाकिस्तानको भ्रमणमा जाने प्रम ओलीको कथनले भारतलाई झन चिढाएको छ । चर्चा छ, पाकिस्तान भ्रमणको औपचारिक निम्तो आएपछि प्रम ओली राष्टियसभा अध्यक्ष नारायण दाहाल र प्रधानसेनापति अशोकराज सिग्देललाई पनि लैजाने सोचमा रहेको परराष्ट्रस्रोत बताउँछ ।




# सशस्त्र बिद्रोहले घुँडा टेक्यो

१० वर्षे जनयुद्धका कमाण्डर प्रचण्ड १८ वर्षमा ३ पल्ट प्रधानमन्त्री भएर कुनै अर्थपूर्ण काम गर्न सकेनन् । उनी अझै राजनीतिको केन्द्रमा छन् । उनी पुन: प्रधानमन्त्री बनेर देश र जनतालाई के दिन चाहन्छन्, कोही जान्दैनन् ।

जनयुद्धका कमाण्डर मूलधारमा आएपछि बैद्य र विप्लव उनीबाट छुट्टिए । सशस्त्र बिद्रोह गर्न बैद्यले सकेनन्, विप्लवले प्रयास गरे, उनी पनि असफल भए । बिप्लवले जनसरकार गठन गरे, युवा दस्ता गठन गरेर जंगलमा तालिम दिए, सामुहिक खेती त अहिले पनि गरिरहेकै छन् । यस प्रकारको राजनीतिबाट पार नलाग्ने निर्षमा पुगेपछि बिप्लव मूलधारमा आउने भए । अन्ततः सरकारसँग ३ बुँदे सहमति गरेर मूलधारको राजमार्गमा प्रकट भए ।

पहिले बिप्लवले सार्वजनिक मञ्चबाट मिसान ८४ को कुरा झिक्दै चुनावी प्रतिस्पर्धामा जाने बताएका थिए । भाषणकै क्रममा बिप्लवले एकपल्ट सरकारको नेतृत्व गर्न चाहेको पनि बताएका थिए ।

यसपछि मंसिर २७ देखि पुस २ गतेसम्म कपिलवस्तुस्थित केन्द्रीय कार्यालय शिवगढीमा बसेको विप्लव नेतृत्वको नेकपा बैठकले निर्णय गरेको छ- निर्वाचन आयोगमा दल दर्ता गर्ने, मित्र पार्टीसँग एकताको प्रयास पनि गर्ने, चुनाव चिन्ह लिने आगामी चुनावमा चुनावी प्रतिस्पर्धा गर्ने । यसको जानकारी दिंदै प्रवक्ता खड्गबहादुर विश्वकर्मा प्रकाण्डले भनेका छन्- नेकपाले आगामी चुनावलाई राष्ट्रिय स्वाधीनता, उत्पीडित वर्ग, जाति, समुदाय, महिला, युवा, विद्यार्थी र नेपाली विशेषताको समाजवादका पक्षमा प्रयोग गर्ने निर्णय गरिएको छ । अब हामी अगाडि बढ्यौं ।

प्रकाण्डले पत्रकारलाई निर्णय सुनाउँदै भने- देशमा व्याप्त भ्रष्टाचार, वैदेशिक हस्तक्षेप, सुकुमबासी, मिटरव्याज, ऋण आतंकलगायतका मुद्दामा फागुन २ देखि झापा-कञ्चनपुर जनमार्च सञ्चालन गर्ने निर्णय लिइएको पनि उनले जानकारी दिए । जनमार्चमा महासचिव, प्रवक्ता, केन्द्रीय समिति, जवस मोर्चाका नेता, सामना साँस्कृतिक परिवारसहित मित्रशक्तिहरूको पनि सहभागी हुनेछन् । यो ऐतिहासिक हुनेछ ।

यसैगरेर नेकपाले क्रान्तिकारी पार्टीहरूसँग एकताको उद्देश्य राख्दै तत्काल मित्र पार्टीहरूसँग मोर्चा, क्रान्तिकारी ध्रुवीकरणलाई तीव्रता दिने निर्णय पनि गरेको जानकारीदिइयो ।





नेकपा प्रचण्डको सोचको समाजवादी मोर्चामा पनि रहेको छ । तर यो मोर्चा सकृय छैन । विप्लवले माओवादी केन्द्रसँग एकताको होमवर्क गरिरहेकै छन् ।

नेपाली राजनीतिमा अब बिद्रोही शक्ति रहेनन् । सशस्त्र समूह सबै बिनष्ट हुँदै गए । तराईमा अनेक सशस्त्र समुह थिए, खतरनाक त माओवादीबाट छुट्टिएका नै थिए । तिनमा ससाना समूह छन्, जो प्रभावकारी छैनन् । सशक्त भनिएको बिप्लव समूह प्रतिस्पर्धाको राजनीतिमा उत्रिएपछि दर्जनौ नाममात्रका वामपन्थी र अन्य पार्टीहरू नाममा मात्र सिमित हुनपुगेका छन् । आगामी निर्वाचनमा बिप्लवले आफ्नो संगठनलाई चुनावी नतिजामुखी बनाउन सक्लान् कि चुनावसम्ममा माओवादी केन्द्रमै बिलय हुन पुग्लान्, यसै भन्न सकिन्न ।

नेकपा क्रान्तिकारीले पार्टीका नवविचार र प्रस्तावहरूलाई स्पष्ट गर्न देशव्यापी रूपमा अन्तरक्रिया कार्यक्रमहरू गर्नेछ । यसरी अन्तरकृया गर्दै जाँदा किन बिद्रोहबाट चुनावको उपयोगको नीति अख्तियार गरियो भन्ने स्वभाविक प्रश्न उठ्नेछ । नेपालमा जतिसुकै प्रश्न उठे पनि जनतालाई भुलभुलैयामा पार्न नेताहरू खप्पीस छन्, कम्युनिष्टलाई त कसैले जित्नै सक्दैन ।




## शेरा दरवारको फाइल मालपोतमा

डा. सुरेन्द्र केसीको टिप्पणी- शेरा दरवार र गिरिवन्धु पछि अब भन्नुपर्छ- नेपालका कम्युनिष्ट केटी दलाल भन्दा पनि घटिया रहेछन ।

सीआइवीले सेरा दरवारको १६४ रोपनी जग्गा प्रकरणमा छानबिन गर्न सरकारलाई सिफारिस गरेको छ । शेरा दरवारमा माओवादी प्रचण्ड र गिरिबन्धु टी स्टेटमा प्रम केपी ओलीको भूमिका विवादास्पद रहेको छ । रास्वपाका सभापति रवि लामिछानेको विपक्षमा ओली सरकार र पक्षमा प्रचण्ड उभिएका छन् । रविलाई जेल हाल्नकै लागि सहकारी विधेयक ल्याइएको छ भने रास्वपा लथालिङ्ग पार्न पाए कांग्रेस एमालेलाई लाभ हुने देखिन्छ । यता प्रचण्ड सरकार ढाल्न रविलाई निर्णायक भूमिका खेल्न चाहन्छन् ।

## विश्वप्रकाश र गगन आलोचित



रवि लक्षित सहकारी अध्यादेश आएपछि आफ्नालाई बचाउने, प्रतिपक्षलाई फसाउने काममा कांग्रेस महामन्त्रीद्वय विश्वप्रकाश र गगन थापा आलोचित भएका छन् ।

विश्व भन्छन्- सिट संख्या र पपुलर भोटको आधारमा ५ वर्ष एउटा व्यक्ति प्रधानमन्त्री बन्ने हुनेगरी संविधान संशोधन गरौं । गगन भन्छन्- सहकारी ठगलाई छोड्नुहुन्न । यिनैले आफ्ना उपसभापतिलाई र एमालेले आफ्ना नेताकी श्रीमतीलाई संरक्षण दिएका छन् । सहकारी ठगीमा कांग्रेस र एमालेका अधिकांश नेता फस्नसक्छन् ।

यतिबेला एमाले र कांग्रेसमा वाकयुद्ध चलेको छ । प्रम कांग्रेसलाई अलोकतान्त्रिक दल भन्छन्, विश्वप्रकाश र गगन एमालेलाई निरंकूश भन्छन् । तैपनि कांग्रेस एमालेको गठबन्धन चलैकै छ, चल्छ भनिन्छ ।

## स्कूलको नाम नेपालीकरण



स्कूलको नाम विदेशी संस्था अथवा विदेशीकरण नगर्न, नेपालीमा राख्न काठमाडौं महानगरले कडाइका साथ निर्देशन दिएपछि विदेशी प्रभावमा परेका स्कूलहरूले नाम नेपालीमा राख्न थालेका छन् । 'लिभरपुल स्कूल'को नाम फेरिएर अब 'काठमाडौं माध्यामिक विद्यालय' राखिएको छ । काठमाडौं महानगरले कानुन कार्यान्वयनमा कडाइ गरेपछि महानगरभित्रका विद्यालयका नाम नेपाल सापेक्ष पार्न सुरू भएका छन् ।

## ट्रेड युनियनमाथि अंकूश लाग्ला ?

निजामतीमा दलीय ट्रेड युनियनमाथि अंकुश लगाउने प्रश्नले कर्मचारी राजनीति तातेको छ । एउटै ट्रेड युनियन राख्ने र अधिकृतमाथिकाले सदस्य बन्न नपाउने विषय झन तातो छ ।

दलसम्बद्ध संगठनहरूले यस्तो व्यवस्था हुनुहुन्न भनेर आपत्ति जनाएका छन् । निजामती ऐनमार्फत दलीय ट्रेड युनियनहरूमाथि अंकुश लगाउने तयारी भएपछि युनियनका नाममा लाभ लिइरहेका विभिन्न दलसम्बद्ध कर्मचारीका संगठनहरूका अगुवाहरूले घोर आपत्ति जनाएका हुन् । स्मरणीय छ, संसदको राज्यव्यवस्था समितिमा निजामती सेवा विधेयकमाथि छलफल चलिरहँदा सत्तारूढ साझेदार दलद्वय कांग्रेस र एमाले दलीय ट्रेड युनियनलाई अंकुश लगाउनु पर्छ भन्नेमा एकमत भएका थिए ।

तर कांग्रेस, एमाले, माओवादी केन्द्र, नेकपा एस र मधेशी दलनिकट कर्मचारी संगठनहरूले संयुक्त विज्ञप्ति नै प्रकाशित गरेर त्यस्तो व्यवस्था नहोस् भनेर खबरदारी गरेका छन् ।

## नेपाल भारतका सेनाको सैनिक अभ्यास

पुष १६ । नेपाली सेनाका प्रमुख सेनानी निराजन कटवालको र भारतीय सेनाबाट कर्णेल जपेन्दरपाल सिंहको नेतृत्वमा कूल ६ सय ६८ सैनिक सहभागी भएको सञ्चालन भएको संयुक्त सैनिक अभ्यास 'सूर्यकिरण'को १८औँ संस्करण सुरू भएको छ। यो संयुक्त सैनिक अभ्यास पुस २९ गते सम्पन्न हुने नेपाली सेनाको जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ ।

यो संयुक्त अभ्यासको यसअघिको १७औं संस्करण नेपाली सेना र भारतीय सेनावीच भारत उत्तराखण्डको पिथौरागडमा भएको थियो । यसपटकका अभ्यास नेपालमा रूपन्देहीको सालझण्डीस्थित नेपाली सैनिक ब्याटल स्कुलमा भइरहेको छ ।




नेपाल भारतवीच संयुक्त सैनिक अभ्यासको क्रम २०६७ देखि वर्षको एकपल्ट आलोपालो सञ्चालनमा आइरहेको छ । संयुक्त सैनिक अभ्यासमा खासगरी विपद् व्यवस्थापन, प्रतिव्रिदोह, प्रतिआतङ्कवाद, जङ्गल युद्धकला, मानवीय सहयोग, प्राविधिक ज्ञान आदानप्रदान, सैनिक सैनिकवीच भाइचारा सम्बन्ध विकासलगायतका विषयमा हुने विज्ञले बताएका छन् । यस्तो अभ्यासका क्रममा दुई देशका सैनिकहरूले सैद्धान्तिक, व्यवहारिक र विशेष अनुभवको आदानप्रदान गर्नेछन् । सैनिक स्रोतका अनुसार यस्ता सैनिक अभ्यासले सैनिक कूटनीतिमासमेत बल पुग्ने र राजनीति असफल भएका बेला सेनाले निकास दिनसक्छ भन्छन् । मैत्रीपूर्ण पारस्परिक सम्बन्ध विकासमा बल त पुग्छ नै, सेनाका सकलदर्जामा पेशागत सीपको विकासमा समेत योगदान पुग्नेछ ।

# महेन्द्र र वीरेन्द्रको सम्झना

आर्य नाम संगती संघ (२०६५) ले धर्म संस्कृति सम्पदासंग गाँसिएको नौ हजार वर्ष पुरानो राजधानीको सम्पदाको संरक्षणमा १८ वर्ष देखि लाग्नु भएका संघका अध्यक्ष मोहन राज शाक्यको प्रमुख सक्रियतामा सुरेन्द्र बज्राचार्यको पहल कदमीसहित धार्मिक अनुष्ठान कार्यक्रम सम्पन्न भएको छ । उहाँले उपत्यकाको विभिन्न सम्पदाले नेपाली समाजलाई जोडेको बताउनु भयो ।

२०८१ साल पौष २१ गते, अभियन्ता विष्णुभक्त तण्डुकारको सम्झना गर्दै माया पाण्डेको सभापतित्वमा र प्रमुख अतिथि विक्रम झा, पारूहाङ्ग कुथुमी राई, शंकर पौडेल, विनोद आचार्य, शोभा राणा शाह, श्रीराम सुवेदी, गणेश गिरी, होम बहादुर थापा, भवानी प्रसाद यादव, यम बहादुर बुढाथोकी आदीले स्वर्गीय तण्डुकारको जीवनी बारे प्रकाश पारेका थिए । नर बहादुर मल्लले स्वागत मन्तव्य र मोहन राज शाक्यले धारणी दुर्गती पाठ ३ पटक वाचन गर्नु भएको थियो ।



पुस १ गते श्री ५ महेन्द्रबाट देशको अस्तित्व जोगाई बक्सेको सम्झना गर्दै सार्वजनिक कार्यक्रममा माइतीघर चोकमा आयोजना गरियो । बेदनिधि दवाडीको सभापतित्वमा र माधवप्रसाद लामिछानेको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा सबैले नीरा रन्जित, ममता श्रेष्ठ, माया पाण्डे, नर बहादुर मल्ल, पारूहाङ कुथुमी राई, साल घले, श्रीराम सुवेदी, रामकुमार रिजाल, गणेश गिरी, सनातनी, विकास गुरूङ, विजय थापा, अम्बिका माताले मञ्जुर वर्ल्डको सपनालाई साकार गर्ने प्रतिवद्धता व्यक्त गर्दछौं भन्नु भएको थियो ।

राजा वीरेन्द्रको ८० जन्म जयन्तीको अवसरमा जनप्रीय राजालाई सम्झना गरियो । कार्यक्रममा राजारानीले रत्नपार्क निर्माण गराए । अहिले शंखधर पार्क, RNAC लाई NAC, पृथ्वीचोकलाई लखन चोक, प्रजातन्त्रलाई लोकतन्त्र, लोकतन्त्रलाई गणतन्त्र भनियो, कुनै पनि उपलब्धि हुनसकेन । हामी मृत्युतिर उन्मुख छौं कि ? भन्दै नेपाल बचाउने र बनाउने कार्यमा सबैलाई समाहित आह्वान गरिएको थियो ।

राष्ट्रवादीहरूको वृहत समूहद्वारा आयोजित विचार गोष्ठीमा सहभागी प्रबुद्ध वर्गहरूबीबच भएको विचार गाष्ठीमा प्रस्तुत राजनीतिक प्रतिवेदन-

देशमा घतित बिषम परिस्थितिलाई लिएर समसामयिक र सान्दर्भिक बुंदामा केन्द्रित रहेर गरिमामय विचार पस्कनको लागि आजभन्दा ६९ वर्ष अघि १४ डिसेम्बरका दिन नेपालले संयुक्त राष्ट्र संघमा सदस्यता लिएको दिन निम्ता दिनु भएकोमा मञ्जुर वर्ल्डलाई पछाडि पारियो । राष्ट्रिय समाज सुधार संस्था (२०३०) का संयोजक २०४७ को संविधान, हामी सबैको अभियान २०८० का व्यवस्थापक,



नेपाल अधिराज्यको संबिधान २०४७ कार्यान्वयन जन दवाव समाजका संस्थापक सचिव, विभिन्न सामाजिक, विकास निर्माण र धार्मिक क्षेत्रमा करिब ४५ वर्ष अघि देखि यथासक्य नेपाल राष्ट्रको श्री अभिवृद्धि गर्नको लागि परेको एक राष्ट्र चिन्तक



को नाताले यो राजनीतिक प्रतिवेदन पेश गरेको छु । राजनीतिक निकास बिना आम क्षेत्रले गति लिन र नेपाली समाजलाई लयमा लान यो प्रतिवेदन वाचन गर्दछु ।

धर्म संस्कृतिमा नै नेपाल देश अडेको छ । थामिएको छ, धर्म संस्कृति बच्यो भने राष्ट्र बच्न सक्छ भन्ने बोध गरी २०८० साल वैशाख २७ गते देखि नेपाल र नेपाली जनतालाई जोड्नको लागि किशोरी महतोको केन्द्रीय संयोजकत्वमा शान्तिपूर्ण सत्याग्रह जस्तो दवाबमुलक कार्यक्रमलाई नेतृत्व पदान गर्नु भएकोमा आभार ।

हाम्रा पुर्खाहरूले राष्ट्र निर्माता पृथ्वी नारायण शाहले जोडेको मुलुक अहिले पुन: २२, २४ से  राज्यहरूमा विभाजित गर्ने षड्यन्त्र भैरहेको छ । आजसम्मकै परिवर्तनहरू चाहे त्यो २००७ सालको क्रान्ति होस् या २०४६ को आन्दोलन होस् चाहे १० वर्ष लामो हत्या हिंसाको अत्यासलाग्दो कथित जनयुद्ध होस्, २०६२/२०६३ को दोश्रो जनआन्दोलन र जनयुद्धलाई नारेर ल्याएको कथित नयाँ नेपाल बनाउने विदेशीहरूको एजेण्डा गणतन्त्र धर्मनिरपेक्षता र संघीयता नेपाली जनताले धान्नै नसक्ने यी ३ वटै मुद्दाले नेपालको अस्तित्व नबच्ने आम नेपालीहरूको सशक्त धारणा सार्वजनिक भैसकेको छ । यो यथार्थलाई राजा देखि रङ्क सम्मले बोध गरिसकेता पनि सही नेतृत्व परिचालन गर्न नसक्दा जनतामा निराशा र आक्रोश व्याप्त छ । यो माटोलाई राक्षसको आकार दिने कि शान्ति, सुरम्य र राष्ट्र हितको पक्षमा दृढतापुर्वक उभ्याउने भन्ने प्रश्नको उत्तर आजको यो गौरवमय यो गोष्ठिले खोजेको छ । अब हामी ढिलो नगरिकन जुटौं, खटौं र डटौं,  स्वधर्मबाट हटेर होइन त्यसमै एक जुट भएर राष्ट्रका निम्ति एक साथ अघि बढौं । हो नेवारहरू भनेको नियम पालना गर्ने र गर्न लगाउने उर्जाशील शक्ति नेपाल राष्ट्रको मेरूदण्ड हो । हरेक जातजाति देशका मेरूदण्ड नै हुन् । आज यो मेरूदण्ड भाँचिएको अवस्थामा छ ।

पृथ्वीनारायण शाह र हाम्रा पुर्खाले कहिल्यै सूर्य नअस्ताउने अंग्रेजलाई परास्त गरेर धर्म संस्कृति र परम्परागत बचाउँदै आएकोमा षडयन्त्रपूर्वक राजसंस्थालाई नै किनारा लगाइयो । गत साल माघ १० गते राष्ट्रनायकबाट सिमरामा सामुहिक दर्शन भेटमा मार्गदर्शन गर्नुभएको निर्देशनलाई पूरा गर्न हामी कटिबद्धताका साथ लागेका छौं । अन्त्यमा, २०७२ को संविधान जष्केलाबाट थोपरेकोले यसलाई परास्त गरेर सर्वोकृष्ट प्रजातान्त्रिक राजतन्त्र कायम गर्नु हाम्रो प्रमुख उद्देश्य हुनुपर्छ ।

# संकटमा पर्दै गएको राष्ट्रिय अखण्डताको सवाल



डा. केशव देवकोटा

नेपाली कांग्रेस र एमालेले भित्रभित्रै ०७२ को संविधानमा तेश्रो संशोधनगर्नका लागि तयारी गरिरहेका छन्भने राष्ट्रिय र अन्तराष्ट्रिय चलखेल पनि तीब्र बन्दैगएको देखिएको छ । शुरूमा बर्तमान सरकार प्रति आक्रामक देखिनु भएका संसदमा प्रतिपक्षी दलका नेता तथा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालको स्वर पनि फेरिएको छ । उहाँले पछिल्ला कतिपय कार्यक्रमहरूमा दलहरूकाबीचमा सम्बाद टुटेको बताउँदै अब सम्बादका आधारमा अगाडि बढ्न आवश्यक रहेको बताउनु भएको छ । नेपाल राष्ट्रिय व्यवसायी महासंघको सातौं वार्षिक साधारणसभालाई गत शनिबार सम्बोधनगर्दै दाहालले देशको स्थिति गम्भीर र जटिल अवस्थामा रहेकोसमेत टिप्पणी गर्नुभएको थियो । त्यसक्रममा उहाँले मुलुकको स्थिति गम्भीर र जटिल छ । देशमा राजनीतिक तहमा सबैभन्दा पहिला स्वच्छता कायम भएन, राजनीतिमा राम्रो नियत र निष्ठाकासाथ कामगर्ने संस्कार बसेनभने सबैतिर त्यसको नकारात्मक असर पर्छ । राजनीति नीतिहरूको राजा हो । राजनीति सफा भएन, राजनीति सही नियतअनुसार अघिबढेन भने त्यसको नकारात्मक प्रभाव चौतर्फी पर्छ भन्नुभएको थियो । यसैक्रममा गतसाता बसेको सो पार्टीको स्थायी समितिको बैठकमा संविधान संशोधनबारे पनि छलफल भएको देखिएको थियो । सो पार्टीका उपाध्यक्ष तथा प्रवक्ता अग्निप्रसाद सापकोटाले संविधान संशोधनका लागि माओवादी केन्द्रले राखेका शर्तहरूमा प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति, पूर्णसमानुपातिक निर्वाचन प्रणाली, सांसद मन्त्री बन्न नपाइने र प्रतिनिधि सभामा ५० प्रतिशत महिला सहभागिता सुनिश्चित हुनुपर्नेलगायत रहेको बताउनु भएको थियो । त्यसैगरी तराई केन्द्रित दलहरू पनि आपसमा मिलेर मोर्चा बनाउने प्रयासमा लागेका छन्भने माओवादी केन्द्रले उनीहरूसँगै कार्यगत एकताको प्रस्ताव राखेको देखिएको छ । ०७२ को संविधान निर्माण हुँदैगर्दा पनि सो पार्टीले तराई केन्द्रित दलहरूलाई सकेसम्म उचाल्ने प्रयास गरेको थियो । त्यसक्रममा एक मधेश प्रदेश र छुट्टिएर जानपाउने आत्मनिर्णयको अधिकारसम्मका कुराहरू आएका थिए । यसैक्रममा एमालेका नेता सूचना तथा सञ्चारमन्त्री पृथ्वी सुब्बा गुरूङले संविधानको मूलमर्म र भावना विपरीत संविधान संशोधन नहुने बताउनुभएको छ । उहाँले संघीयता, धर्म निरपेक्षता, समानुपातिक र समावेशीताका सवालमा संविधान संशोधन नहुने दाबि पनि गर्नुभएको छ ।

गण्डकी प्रदेशस्तरीय मगर मौलिक सांस्कृतिक महोत्सव-०८१ को पोखरामा गत शुक्रबार उद्घाटनगर्दै मन्त्री गुरूङले उपरोक्त कुरा बताउनु भएर संविधान संशोधनको पूर्व शर्तकाबारेमा स्पष्ट गर्नुभएको छ । संविधान संशोधनमा फेरी पनि संघीयता, जातीय समाबेशी र समानुपातिक निर्वाचन पद्धतिलाई अपरिवर्तनीय बनाउन बिभिन्न शक्तिकेन्द्रहरूले दबाव बढाएको देखिएको छ । त्यसक्रममा उहाँले संसदको आगामी हिउँदे अधिवेशनमा बिभिन्न विधेयकहरू पारित गराउनुपर्ने दबाव रहेको दाबि पनि गर्नुभएको थियो । तलैदेखि अध्ययन र छलफल भएर संसदमा पुगेका तथा कतिपय संसदीय समितिहरूमा छलफल भएर पारित भैसकेका विधेयकहरूलाई समेत पारित गर्न/गराउन नसकिएको हालको अवस्थामा संविधानमा सहजै तेश्रो संशोधन कसरी हुन्छ ? भन्ने गंभिर प्रश्न उठेको छ । संकेत के देखिएको छभने नेपालको राजनीतिक ब्यवस्थालाई अमेरिकाकोजस्तै हुबहु बनाउन मुख्यत माओवादी केन्द्रले बिभिन्न खेलहरू खेल्नथालेको छ । संघीयता, जातीय समाबेशी र पूँजीवादी गणतन्त्र सबै अमेरिका प्रायोजित रहेको बिभिन्न घटनाक्रमहरूले देखाएका छन् । त्यसैगरी नेपालबाट हिन्दू राष्ट्र बिस्थापित गराउन भारतको र धर्मनिरपेक्ष बनाउन युरोपीयन मुलुकहरूको ठूलो हात रहेको देखिएको छ । युरोपीयन यूनियनले त संघीयता बचाउन भन्दै ठूलो ऋण लगानी समेत गरेको छ । उता पुराना राजनीतिज्ञ तथा हाल नेकपा (मसाल) का महामन्त्रि रहनुभएका मोहनबिक्रम सिंहले आफ्नो पार्टीका हालैका कतिपय कार्यक्रमहरूमा बोल्दै देशमा राष्ट्रियतामाथिको खतरा बढेको बताउने गर्नुभएको छ । उहाँले प्रतिगमन र राष्ट्रियतामाथिको खतरा नेपालको तात्कालिक राजनीतिको दुई मुख्य समस्या भएको किटानीसमेत गर्नुभएको छ । मसालको प्युठान जिल्ला समितिले गत ११ गते खलंगामा आयोजना गरेको पत्रकार भेटघाटमा उहाँले उपरोक्त धारणा राख्नुभएको थियो । उहाँले बिगतदेखि नै नेपालको मुख्य समस्या संघीयता भएको बताउँदै आउनु भएको थियो । उहाँले हालैका कतिपय कार्यक्रमहरूमा पनि संघीयताले राष्ट्रियतामाथि आघात पुग्ने तथा देशले त्यसको भार थेग्न नसक्ने बताउँदै आफूहरूले त्यसको विरोधमा आन्दोलनगर्न थालेको खुलाशा गर्नुभएको थियो । उहाँले संघीयताले देशको राष्ट्रियता, सार्वभौमिकता र भौगोलिक अखण्डतामाथि आघात पुर्‍याउँछ । त्यसले जातजाति माझको सामाजिक सद्भाव खल्बल्याउने र यस्तो शासन प्रणालीलाई देशले थेग्नसक्दैन पनि भन्नुभएको छ । उहाँले संघीयतालाई जतिसक्दो चाँडो खारेज गर्नपर्ने नत्र त्यसले देशको अस्मितानै खतरामा पर्नसक्ने बिश्लेषण गर्नुभएको छ । उहाँले देशको राष्ट्रियता, सार्वभौमिकता, भौगोलिक अखण्डता र सामाजिक सद्भावलाई बचाउन सम्पूर्ण नेपाली जनताको ध्यानाकर्षण गराउनु भएको छ । त्यसैगरी राष्ट्रिय जनमोर्चाका अध्यक्ष तथा प्रतिनिधिसभाका सांसद चित्रबहादुर केसीले त संघीय शासनको तत्काल अन्त्य र प्रदेशहरूको खारेजी नेपाली जनताको पहिलो माग भएको बताउनु भएको छ ।

आफ्नो पार्टी राजमोले आगामी चैत २४ देखि ३० गतेसम्म संघीयता खारेजीका लागि काठमाडौं केन्द्रित आन्दोलन घोषणा गरेको सन्दर्भमा आयोजित पछिल्ला कार्यक्रमहरूमा उहाँले राष्ट्रियताको बर्तमान अवस्थाबारे बिभिन्न कोणबाट ब्याख्या र बिश्लेषणगर्दै आउनु भएको छ । उहाँले नेपाली जनताले संघीयता खारेज गर्न/गराउन नसके संघीयताले नेपाल देशनै खारेजगर्ने रहस्यसमेत खोल्नु भएको छ । यसैबीच एकातिर भारत र चीनले नेपाली भूमि लिपुलेक प्रयोगगर्न आपसी सहमति गरेको समाचार बाहिर आएको छभने अर्कातिर भारतले नेपाली भूमी अतिक्रमणगर्ने कार्यलाई पनि बढावा दिएकोभन्दै बिरोध शुरूभएको छ । नेकां, एमाले र माओवादी केन्द्रले षडयन्त्रपूर्ण ढंगले ०७८ फागुन २३ गते नेपालको संसदबाट बिवादास्पद र सैनिक रणनीतिमा आधारित एमसीसी पारित भएको नाटकीय घोषणा गरेपछि नेपालले आफूलाई एक्ल्याउने प्रयास गरेको सार्बजनिक अभिब्यक्ति दिंदैआएको चीनले भारतसँग रहिआएको तीक्ततापूर्ण सम्बन्धलाई सामान्यीकरण गरेको छ । गतबर्ष माघको शुरूमा नेपाल आएको चिनियाँ कम्युनिष्ट पार्टीको एक उच्चस्तरीय प्रतिनिधिमण्डलले खुलेरै नेपालले चीनलाई एक्ल्याउने प्रयास गरेको बताउँदा तत्कालीन प्रधानमन्त्रि पुष्पकमल दाहाल नाजवाफ हुनुपरेको थियो । खासगरी माओवादी केन्द्रको अगुवाईमा नेकां र एमालेसमेतले नेपालमा अमेरिकी गतिबिधि बढाएपछि भारतसँग मिलेको चीनले अब नेपालको राष्ट्रिय अखण्डता र स्वाधिनताको चिन्ता र चासो छाडेको देखिएको छ । नेपाली भूमी लिपुलेकमा चीन र भारतले गरेको सहमति यसको ताजा उदाहारण हो । सो घटनालेगर्दा चीन र भारतले नेपाललाई एक्ल्याउँदै लगेको देखिएको छ । यसअघि रूस-युक्रेन युद्ध र इजरायल-हमास युद्धका सन्दर्भमा पनि नेपाल चीन र भारतभन्दा फरक बाटोमा अगाडि बढेको देखिएको थियो । पृथ्वीनरायण शाहले नेपाललाई चीन र भारतकाबीचमा तरूलका रूपमा रहनुपर्ने मान्यता स्थापित राख्नु भएको थियो भने माओवादीले जनयुद्ध बिसर्जन गरेर संसदीय राजनीतिमा आउँदैगर्दा नेपाललाई दुई ढुंगाबीचको डाइनामा बनाउने भनेको थियो ।

खासमा ०७२ पछि लागूगराइएको संघीयता, जातीय समाबेशी र समानूपातिक निर्वाचन पद्धति नेपालका लागि डाइनामा साबित भएका छन् । नेपाललाई जसरी पनि सिध्याउने अभियानअनुसार बिगत लामो समयदेखि ऋण खोज्दै संघीयता धान्दैगर्दा समृद्धि र विकास नारामामात्र सीमित हुनपुग्नेछ । अब पनि संविधानमा संशोधन गरेर संघीय शासनको अन्त्य नगर्ने होभने विकास र परिवर्तन नारा र हास्यास्पद हुनेभएको छ । नेपालका लागि विकेन्द्रीकरणमा आधारित एकात्मक शासन व्यवस्थानै सबैभन्दा उत्तम हुने देशभक्तहरूको निचोड रहेको छ । संघीयता नहटाएको खण्डमा नेपाल अझै थप खाडलमा फस्ने संकेतहरू देखिनथालेका छन् । हाल संघीयता बचाउने नाममा भएको खर्चकटौति गरी शिक्षा र स्वास्थ्यको गुणस्तर तथा रोजगारीको सिर्जना गर्ने कार्यमा लगाउनु पर्ने देखिन्छ । संघीयताको अन्त्य नगरी ०७२ को संविधानमा तेश्रो संशोधन गरियो भने नेपाल भन्ने राष्ट्र इतिहासमा मात्र बाँकी रहने छ ।

# मुस्लिम विद्यार्थीको गौरवपूर्ण उपलब्धि

मुस्लिम समुदायकी महिला तबस्सुम सिद्धिकी संस्कृतमा विद्यावारिधि (पिएचडी) गरेकी छन् । यो धार्मिक समभावको उदाहरण हो । पुस १३ गते त्रिविबाट अर्की गरिब मुस्लिम बाबुको गर्वले शीर उच्च भएको छ । छोरीले उच्चशिषा हासिल गरेको मात्र होइन, छोरीको यो सफलताले ती गरीब मुस्लिम बाबुले खुशीको आँसु नै खसाले । नेपाल बहुदाति र बहुधर्म मान्नेहरूको देश हो । सर्वधर्म समभाव भन्ने सिद्धान्त अँगालिएको छ । तर केही राजनीतिक स्वार्थी नेताहरूले कहिले कहिले विश्वमै विशेषतायुक्त राष्ट्रमा जातीय र धार्मिक हिंसा फैलाउन खोज्छन् जुन जति आलोचना गरे पनि कम हुन्छ । अल्पसंख्यक, पिछडिएका जातिमा जति शिक्षाको ज्योति यसरी फैलिन्छ, नेपालको राष्ट्रियता र एकता उति बलियो हुँनेछ । यो अन्तर्य नीतिकार, थिङ्क टेंक र राजनीतिकर्मीहरूले कहिले बुझ्लान् र देश अग्रगमनमा लाग्ला ?








# साहित्यिक पत्रकार संघद्वारा पत्रकार महासंघको स्वागत



साहित्यिक पत्रकार संघले नेपाल पत्रकार महासंघको नवनिर्वाचित अध्यक्ष निर्मला शर्मालाई सम्मान गरेको छ । यो सम्मान सिङ्गो नेपाल पत्रकार महासंघको सम्मान पनि हो । एउटा संघ वाङ्मय विकासमा लागेको छ, अर्को संघ नेपालमा अभिव्यक्ति स्वतन्त्रताको पक्षमा उभिंदै जनता र सरकारवीच उभिएर आफ्नो धर्म निर्वाह गरिरहेको छ ।

साहित्यिक पत्रकार संघ (Literary Journalist Association)ले नेपाल पत्रकार महासंघको नवनिर्वाचित अध्यक्ष पत्रकार निर्मला शर्मालाई बधाई एवं सम्मान समर्पण कार्यक्रम गरेर दुबै संघको महत्वलाई झल्काएको छ ।

विशेष आयोजना गरिएको सो कार्यक्रममा अध्यक्ष शर्मालाई कार्यक्रमका प्रमुख अतिथि पूर्व मन्त्री माननीय पशुपति शमशेर जबरा र कार्यक्रमका सभापति साहित्यिक पत्रकार संघका अध्यक्ष राधेश्याम लेकालीले सम्मानपत्रसहित सम्मान गर्नु भएको थियो । कार्यक्रममा एस एस फाउन्डेसनका अध्यक्ष वरिष्ठ कलाकार मदनदास श्रेष्ठ र प्रमुख संरक्षक गीतकार एवं समाजसेवी शोभित उप्रेतीले समेत बधाईपत्रसहित अध्यक्ष शर्मालाई सम्मान गर्नु भएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि पूर्व मन्त्री माननीय पशुपति शमशेर जबरा, साहित्यिक पत्रकार संघका अध्यक्ष राधेश्याम लेकाली, नेपाल पत्रकार महासंघकी नवनिर्वाचित अध्यक्ष निर्मला शर्मा, एस एस फाउन्डेसनका अध्यक्ष वरिष्ठ कलाकार मदनदास श्रेष्ठ र पत्रकार मनुका कुँवरले आआफ्नो मन्तव्य राख्नु भएको थियो । यस प्रकारको कार्यक्रमले संघका पदाधिकारीहरूलाई आआफनो जिम्मेवारी र जवाफदेहीताका लागि झन बढी झकझक्याएको छ ।

# जापानमा नेपाली पुस्तकालय


जापानमा नेपाली पुस्तकालय स्थापना भएको छ । यस्तो पुस्तकालय पहिलो हो । पुस्तकालयको उद्घाटन कार्यक्रममा नेपाल र जापानबिच जनस्तरको सम्बन्ध र शैक्षिक सांस्कृतिक, प्राज्ञिक तथा बौद्धिक सम्बन्ध अभिवृद्धि गर्ने उद्देश्य राखिएको जानकारी दिइयो ।

यो पुस्तकालय नागानो प्रान्तको कोमागाने शहरमा ७ नोभेम्बर २०२४ देखि सञ्चालनमा आएको छ । यो पुस्तकालय स्थापना गर्न जापानी नागरिक डा. युकि इतोको योगदान रहेको छ । पुस्तकालयमा नेपाली प्रकृति, संस्कृति, कला, सङ्गीत, धर्म, संस्कार, पर्व र परम्परासँग सम्बन्धित नपाली, जापानी र अङ्ग्रेजी भाषाका पुस्तक राखिएका छन् ।

नेपाली संस्कृति र संस्कारसम्बन्धित स्तोत्रग्रन्थ र विश्वविद्यालयका पिएचडि र एमए तहका थेसिसहरू राखिएका छन् । उद्घाटन समारोहमा जापानका लागि नेपाली राजदूत डा. दुर्गाबहादुर सुवेदी पनि पुगेका थिए । उनले ५ सय पुस्तक दिएका छन् ।

साथै यो पुस्तकालय कोमागाने शहरका नेपाली व्यवसायी केशर गिरिले उपलब्ध गराएको भवनमा स्थापना गरिएको छ । यो कार्यले नेपाली र जापानीबीचको सम्बन्ध बढाउने उनको विश्वास रहेको छ । नेपालबारे अध्ययन गर्न चाहनेलाई पुस्तकालयले सुविधा दिनेछ ।

# कालध्वनी भित्र रूमलिंदा






*अरूणबहादुर खत्री*

नेपाली साहित्यमा मुक्तक लेखन परम्परा पुरानै हो । मुक्तकका सङ्ग्रह प्रकाशित गर्ने साहित्यकारहरू औंलामा गन्नुपर्ने अवस्था छ र यसैभित्र कवि खगेन्द्र गिरि 'कोपिला' पनि पर्छन् । कवि खगेन्द्रको कालध्वनि चौधौ कृतिको रूपमा प्रकाशित भएको छ । यसभित्र २९६ वटा मुक्तकहरू राखिएका छन् । यो कालध्वनि मुक्तकसङ्ग्रहभित्रका मुक्तकहरूले समाज र मानिसलाई बिग्रिन र बरालिन नदिनका निम्ति भरपर्दा सन्देशहरू दिएका छन् । समाजबाट विकृति र विसङ्गति हटेर मानव जीवन प्रेममय बनोस् भन्ने कामना गरेको छु । समाज, देशभित्रका प्रेम, सामाजिक, आर्थिक आदि गतिविधिमा देखिएका, भोगिएका विषयवस्तुगत चित्रण खगेन्द्रले गरेका छन् । यसमा राखिएका मुक्तकहरूले कसैको व्यक्तिगत जीवनमा असर नपर्ने र पर्न गएमा क्षमायाचना गर्दछु उनले भनेका छन् ।

उद्देश्य सुकिलो बनेर हिँडिरहोस् मसँगै
हृदय जोसिलो बनेर हिँडिरहोस् मसँगै
गोरेटो छिचोल्न जति नै गाहारो भए पनि
समय सजिलो बनेर हिँडिरहोस् मसँगै ।

कवितालाई निचोरेपछि मात्र मुक्तकको जन्म हुन्छ । आफुले भन्न खोजेको कुरालाई चार हरफमै लेख्नु पर्ने हुंदा साहित्यका अन्य विधाभन्दा यो विधा चुनौतिपूर्ण त हुन्छ नै । त्यसो त एउटा सानो मुक्तकभित्र सिङ्गो ब्रहमाण्ड नै अटाउन सक्छ । जीवन र जगत्संग सम्बन्ध गाँसिएका मुक्तक रचनाहरू सङ्ग्रहित यस कृतिले मुक्तक लेखनका क्षेत्रमा थप योगदान गरेको त छ नै । कविताको सबैभन्दा लघुतम रूपलाई मुक्तक काव्यको रूपमा चिन्ने गरिन्छ । हरेक साहित्यिक रचनामा मानवचरित्र र क्रियाकलाप चित्रण गरेजस्तै मुक्तक काव्यमा पनि व्यक्ति, समाज, वातावरण र मानव समाजसँग सम्बन्धित अनेक पक्षलाई नै समेटेर सिर्जना गरिएका हुन्छन् । मुक्तककार खगेन्द्रले सिर्जनामा बिम्बको राम्रोसँग प्रयोग गरेका छन् । विषयवस्तु प्रभावकारी ढङ्गले प्रस्तुत गरेका छन् । जसका कारण मुक्तक पठनीय हुनमा थपेको छ तर कतिपय मुक्तकहरू सायरी शैलीमा सिर्जिएका पनि देखिन्छन् ।

कसैले कसैका लागि रूनु के हाँसो गर्नु ?
बिर्सिनेहरूकै बारे त्यसै के चासो गर्नु
सम्झिनुपर्ने कुनै कारण नै नभएपछि
कसैले बिर्सियो भनेर के गुनासो गर्नु ।

मुक्तककार खगेन्द्र कोपिला प्रणय अभिव्यक्तिका कुशल शिल्पीका रूपमा दरिएका छन् । उनले सङ्ग्रहमा अरूले दिएको अमृतभन्दा प्रेमिकाले दिएको विषलाई मिठो मान्ने अतिशय भावुकता प्रकट गरेका छन् । आफुले भोग्दै आएको र आफुमा भएको पीडा, देशले भोगेको अव्यवावहारिक समस्या, समाजको चित्रण आदिको बारेमा व्याख्या गर्दै गहकिला मुक्तक खगेन्द्रले लेखेका छन् । धेरैले बोल्न नसकेका कुरा खगेन्द्रका मुक्तकले बोलेका छन् । कहाँ यी दिनहरू कहाँ ती दिनहरू कता गए होलान् अहा ! ती दिनहरू उनले मुक्तकमा लेखेका छन् ।

कुम्भकर्ण र महिषासुरको स्तुति नहोस् अब
तामसी सपनाहरूको प्रस्तुति नहोस् अब
यज्ञको समीधाझैँ पवित्र छ यहाँको माटो
लगाउन निधारमा अर्को विभुति नहोस् अब ।

कुरासँग कुरा मिलाएर धेरै कुरा गर्नु छ नदीका वारिपारि डिलहरू साँघुरा गर्नु छ उनको मुक्तकमा लेखिएको छ । केही घात, अलिकति आस लिनु-दिनु यत्ति हो वटुवाजस्तै क्षणिक साथ लिनु-दिनु यत्ति हो । समग्रमा भन्दा कवि खगेन्द्र कोपिला मुक्तक लेखनमा सफल व्यक्तिका रूपमा गनिन्छन् । नीतिका कुरा दिन, सुन्दर समाज निर्माण गर्न, समाजलाई राम्रो बाटो देखाएर भावी पुस्तालाई मार्गदर्शन गर्न उनी खप्पिस छन् । प्रवृत्ति र सामाजिक बिसङ्गति हैकमवाद स्वर र अहंवादी प्रवृत्तिले निकै थिचेको देखिन्छ उनका मुक्तकमा । झट्ट सुन्दा समान्य हाँसोजस्तो लागे पनि यसभित्र प्रत्येक इमानदार व्यक्तिको यथार्थ अवस्थाको चित्र लुकेको छ । यसरी नै असलहरू सधैं किनारा लाग्ने खेल सदियौंदेखि समाजमा चलिआएको छ र त यदाकदा उनका मुक्तकमा विद्रोहको आक्रोश पनि छ । गति र समयको सन्तुलन नमिलेसम्म, शरीर र हृदयको सन्तुलन नमिलेसम्म मुक्तकमा लेखिएको छ ।

जहाँजहाँ सम्झनाका मौन चित्र हुन्छन्
त्यहाँ संयोगहरू पनि सचित्र हुन्छन्
बाहिर देखिने त दृश्य मात्रै हो
नबिर्सिने अनुभूति मनभित्र हुन्छन् ।

उनका मुक्तक सुन्दर छन् र विविधताले भरिएका छन् । कालध्वनि नामक यस मुक्तक सङ्ग्रहभित्रका भावभङ्गी र अस्तित्व सबै लालित्यले भरिपूर्ण पारेका छन् खगेन्द्र कोपिलाले । आफ्नो सुकोमल मुक्तकमा मुक्तककार खगेन्द्रको मीठो र गहकिलो मुक्तक यात्रा आगामी दिनमा सबल र सफल बन्नेनै छ । सानो आकारको पुस्तकमा धेरै कुरा अटाइएको उनको यो मुक्तकसङ्ग्रह समसामयिक नेपालको शब्दचित्र नै बन्न पुगेको छ । सबै क्षेत्रमा सुधार र समृद्धिको चाहना राखिएको यो कृति देशको मौलिक स्वरूप हो । सारमा भन्दा जीवनका यथार्थहरू जे जस्ता छन् तिनलाई त्यस्तैमा प्रकट गर्दाको मौलिक स्वरूप उनका मुक्तकहरूको मुख्य विशेषता हो । भावी साहित्यिक लेखनमा कवि खगेन्द्रलाई सफलताको कामना गर्दछु । आगामी दिनमा उनका अन्य कृतिहरू हामीले पढ्न पाउने ठूलो आशामा बाधिएको छु ।


कृति: कालध्वनि, मुक्तककार: खगेन्द्र गिरि 'कोपिला', प्रकाशक: सर्वदा साहित्य सङ्गम ।

# मुक्तक मञ्च : देखे सबै देखेको झैं गरे, आफै रोएँ



मुसाका छाउराहरू दरवार खोज्दैछन्
अयोग्य लडाकुहरू तरवार खोज्दैछन्
सबैलाई आ-आफ्नो चटारो त हुन्छ नै !
बेचिएका चेलीहरूले घरवार खोज्दैछन् ।

**- शंकर ज्ञवाली**



आफनै मानो खानी हो जन किन डाढिन्छन् यसरी ?
वैरभाव राखेर मनमा सबै किन टाढिन्छन् यसरी ?
बिसौनी चौतारीमा राख जीवनको भोगाइलाई भन्छु
बिर्सेर आफ्नो अन्त्य किन मन बाँडिन्छन् यसरी ?

**- दुर्गा तिवारी**



देखे सबै देखेको झैं गरे, आफैं रोएँ
समर्पण, पर्खाइ, भर परे आफैं रोएँ
तिमीबिना खल्लो म, उत्तै खुसी तिमी,
मूल्यहीन प्रेमको सुवास छरे आफैं रोएँ ।

**- अर्जुन अधिकारी**



हरेक पल जिन्दगीका पानाहरू अधुरा लाग्छन्
जिन्दगी जिउने कलाहरू आजकल मधुरा लाग्छन्
अनगिन्ती भोगाइहरू रङ्गहीन लाग्छन् किन ?
हर रात देख्ने सपनाहरू पनि अपूरा लाग्छन् ।

**- देवकी तिमिल्सिना समीक्षा**



झुक्दै नझुक्नु,सत्कर्ममा डटेर लाग्नु काममा
अठोट बज्रझैं होस् नहट्नु जाडो वा घाममा
नरूक्नु, हेर कर्मपथमा छ सुन्दर यो भविष्य
शुभकामना छ सधै स्वाभिमानी तिम्रो नाममा

**- गुरूदत्त ज्ञवाली**



आफ्नैले दिएको भरोसाको ऐना फुटेको दिन
यात्रामा ढिलो निस्कदा गन्तव्य छुटेको दिन
तिमी हिजोको सम्बन्धको किन कुरा गर्छौ
म आफैलाई त पराई लाग्छ दिल टुटेको दिन ।

**- प्रभादेवी पौडेला**



यता नभए त्यता फसाउन सक्छन्
वर्षौंसम्म जेलमा सडाउन सक्छन्
राजनीतिक चलखेल भित्रको झेलमा,
उठ्नै नसक्ने गरि थलाउन सक्छन् ।

**- कला ढकाल**



दुख पिडा भोक प्यास सबै गरिबको नाममा छ
रातदिन नभनी उही सधै नै अरूको काममा छ
भाग्यलाई दोष सम्झिइ धैर्यतामा बिश्वास राख्दै
साँझ बिहान भोक मेटाउने खोजी लगाममा छ ।

**- चन्द्रकला आचार्य**



साँच्चै अब म लेख्दिन होला मित्र
सही कुरालाई सही देख्दिन होला मित्र
हृदयभित्र लागेको घाउ बिलकुल अब
बाहिरी आँखाले देखिदन होला मित्र ।

**- जेबी खत्री**



प्रेमको मीठो संदेश तिम्रो नाम लेखे
मेरो मुटु,मेरो सर्वस्व तिम्रो नाम लेखे
भनिदेऊ तिमी के छ अरू चाहना तिम्रो,
मैले लिने हर स्वासमा तिम्रो नाम लेखे ।

**- नीता गुरूङ**



सुख दुःखमा बुझिदिने सधैं मित्र हुन्छ
मन्दिरभन्दा अझै साथी पवित्र हुन्छ
धनी र गरीब जुनसुकै होस् फरक पर्दैन
खराब असल त उसको मनभित्र हुन्छ ।

**- सरस्वती तिवारी**



तितरीको तिखो बोली चर्को चर्को भएपछि
पत्ता लगाउँदै व्याधा नजिकमा पुगेपछि
बन्दुक वा गुलेलीले हान्छ भुतुक्क पार्दछ
मान्छेको बोली त्यस्तै हो कालबन्छ पछिपछि ।

**- मुक्तिनाथ अधिकारी**



आवश्यकतामा सघाउनुपर्छ मित्र भएपछि
एक आपसमा रमाउनुपर्छ मित्र भएपछि
दुःख पर्दाखेरी सधैं साथ र हौसला दिएर,
घाउमा मलमपट्टि लगाउनुपर्छ मित्र भएपछि ।

**- रिता खराल (देवी श्रीराधा)**



आमाको खुट्टामा चप्पल छैन दुःख लाग्छ
मसँग कमाउने बुद्धि बल छैन दुःख लाग्छ
एकबारको जुनि कसरी काट्ने हो हजुर?
र आँसु बाहेक केही जल छैन दुःख लाग्छ ।

**- प्रेम सुनार**



राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक
Gorkha Express Weekly
मंगलबार Tuesday
२०८१ पुस २३, Jan, 7, 2025




| | | |
|---|---|---|
| सम्पादक/प्रकाशक | | राजन कार्की |
| Editor/Publisher | | Rajan Karki |
| सह-सम्पादक | : | शाश्वत शर्मा |
| अनलाइन प्रविधि | : | उत्तम राज |
| कानुनी सल्लाहकार | : | शिवप्रसाद सिग्देल |
| मुख्य व्यवस्थापक | : | कृष्णकुमार कार्की |
| व्यवस्थापक | : | दिलकुमार कार्की |
| मुद्रण | : | तारा प्रिन्टर्स, कलंकी |

गोरखा एक्सप्रेस साप्ताहिक
कामपा १४, कलंकी, काठमाडौं
मो. : ९८५१०२७०८९ फोन : ४३१२०८४
E-mail : rajan2012karki@yahoo.com
nepaltod@gmail.com
Online : www//nepaltoday.com.np




# लोकतन्त्र छाप्रोमा पुगेन

लोकतन्त्र भुइँमान्छेका लागि कौवालाई बेल पाकेसरह भयो । लोकतन्त्र छाप्रोमा पुगेन । लोकतन्त्र स्थापना भएपछि सिंहदरवार घरघरमा पुग्छ भनेर गुड्डी हाँक्नेहरू सिंहदरवारमा बसेर भ्रष्टाचार गर्नमै ब्यस्त छन् । यिनलाई आमनागरिकका लागि लोकतन्त्र सेता हात्ती भएकोमा कुनै चिन्ता छैन ।

भूइँमान्छे हिजो अन्याय र बिभेदमा थिए, आज पनि भोका नाङ्गा जनता अन्याय र बिभेदमा परेका छन् । न्याय पाइन्छ भनेर यस्ता भुइँमान्छेहरूले पटक पटक लोकतन्त्र र लोकनेतालाई मत दिए, तिनले लोकमत र लोकबलको अपमान मात्र गरे । लोकले कहिले पनि लोकतन्त्र देख्न पाएनन् ।



आफू नाङ्गै भएर, भोकै बसेर पनि कर तिरिरहेका छन्, सरकार जिन्दावाद भनिरहेका छन्, चुहिएको छानोबाट भिजेर, पुसे ठण्डीको तुषारो खपेर अब त केही रात पाइन्छ कि भनेर आशा गरिरहेका छन् । तर नेतृत्व, राष्ट्र, राज्यले यिनको पीडा के हो, यिनले खोजेको के हो, यिनका लागि नाना, खाना र छाना दिनुपर्छ भन्ने जिम्मेवारीवोध कहिल्यै गरेनन् । परापूर्वकालदेखि यस्तै गरेर पुर्खाहरू बितिरहेका छन्, तैपनि भुइँमान्छे लोकतन्त्रले सुखानुभूति दिन्छ भनेर पर्खिरहेका छन् । ०४६ सालको बहुदलको आगमनपछि केही होला भन्ठान्नेहरू ०६३ सालको परिवर्तनपछि पनि अब त केही होला भनेर पर्खेकै छन् । नेतृत्वले भुइँमान्छे र देशलाई यति ठूलो अन्याय, राजनीतिक अपराध गरेका छन् कि ती माफीयोग्यसमेत छैनन् । राजनीतिक धर्मछाडाहरूको चेत कहिले खुल्ने हो, कुनै ठेगान छैन ।

शान्ति, समानता र समुन्नति, यही थियो राजनीतिक पार्टीहरूका घोषणापत्र । नेताहरूले चुनावका बेलामा देखाउनु सपना देखाउँछन् । मासुभात खुवाएर भोट लिन्छन्, चुनाव जितेपछि जनतालाई वास्ता गर्दैनन् । सत्ताका लागि नीति, निष्ठा, नैतिकता सबै दाउमा राख्छन् । सर्पले काँचुली फेर्नु र नेताहरूले मान्यता फेर्नु उस्तै हो । स्वार्थका लागि नेताहरू जे पनि गर्न तैयार छन् ।

चरित्र त्यागेपछि शिवरात्रिमा पशुपतिमा देखिने नागाबाबा र हाम्रा नेताहरूमा भिन्नता देखिदैन । यिनले भाषणमा शान्ति, समानता समुन्नति दिने कुरा गर्छन्, व्यवहारमा सिमान्तकृतका अधिकारसमेत खोस्छन्, पैसा देख्यो भने महादेवका पनि तीन नेत्र भनेझैं, कमिशन र भ्रष्टाचारमा डुब्छन् । नेताहरूको अनुहार नालीको भाइरसजस्तो देखिन थालेको छ ।

हिंसा रोकिने र शान्ति आउने कुरा गफ भयो । समुन्नति र समानताका कुरा सपना भयो । विकास र रोजगारीका कुरा चटकेको चटक भयो । कुनै बर्ग पनि खुशी छैन । युवाहरूले देशमा भविष्य देख्न छाडेका छन् । जब युवा विदेशीन्छन्, देश कङ्गाल हुन्छ । नेपाल दिनदिनै कङ्गाल बनिरहेको छ । देश कसरी अघि बढाउने कसैसँग कुनै योजना छैन । नयाँ नेपाल गया नेपाल भयो , अब जनताले नै अर्को परिवर्तनको जग हाल्नुपर्ने देखियो ।

# प्रधानन्यायाधीश हरिप्रसाद प्रधान र अहिलेको न्यायालय




नेपालको न्यायिक इतिहासमा हरिप्रसाद प्रधान पहिलो प्रधानन्यायाधीश हुन् । उनको कालखण्डको न्यायालय र वर्तमान कालखण्डको न्यायालयमा आकाश जमिनको फरक छ । हिजो न्याय पाइन्छ भन्ने आत्मविश्वास हुन्थ्यो, आज न्याय व्यवस्था खजमजिएको छ । न्यायालयले विश्वास गुमाउँदै गएको अवस्था छ ।

न्यायको वकालत गर्ने वकिल नै भन्छन्- न्यायाधीशले घूस खुवाउँछन्, हामी नै घूस खुवाउँछौं । न्याय व्यवस्थामा योभन्दा धमिलो अवस्था कुन होला । प्रधानन्यायाधीशमाथि महाभियोग लगाइन्छ, महाभियोगको किनारा लगाइन्न, न्यायालयमा राजनीतिकरण गरिन्छ, विदेशी आइएनजीओको लगानी हुन्छ, योभन्दा टीठलाग्दो परिदृश्य के होला ?

जुनसुकै प्रधान न्यायाधीश नियुक्त भए पनि संसदीय सुनवाईका क्रममा र पदबहाली गर्नासाथ भन्ने एउटै थेगो छ- अदालतभित्रका बिकृति हटाउने मेरो प्राथमिकता हुनेछ । तत्कालीन प्रधान न्यायाधीश सुशीला कार्कीले त अदालतभित्र डरलाग्दो भ्रष्टाचार र लेनदेन हुने गरेको छ, त्यसको अन्त्य गर्छु भन्दै कानुनविदहरूलाई समेत बिचौलिया बनेको आरोप लगाएकी थिइन् । प्रधान न्यायाधीश नियुक्त हुनका लागि सुनवाईकै क्रममा रहेका न्यायाधीश चोलेन्द्र शमशेर जबराले समेत अदालत न्यायको मन्दिर हो, न्याय पाइन्छ भन्ने विश्वास दिलाउने काम गर्छु भनिसकेका थिए । यी दुबैमाथि संसदमा महाभियोगको डण्डा चलाइयो । अदालतभित्र भ्रष्टाचार र अनियमितता व्यापक छन्, त्यसलाई सुधारिनेछ । अदालतको सुधार कुनै प्रधान न्यायधीशको कार्यकालमा पनि हुनसकेन, सुधारिएन ।

वर्तमान प्रधानन्यायाधीश प्रकाशमान सिंह राउत छन् । उनले राजनीतिक बर्गले सुन्नेगरी भनेका छन्- न्यायालयको जिम्मा म लिन्छु । यसको जवाफमा शासक प्रशासकले जवाफै दिएनन् ।

सुधार्ने, सुधारिने कहिले ? लोकतन्त्रको मुटु, संविधानको मुख्य अङ्ग न्यायपालिकाभित्र राजनीतिकरण र पछिल्लो समय बेथितिको पराकाष्ठा नाघेको छ । लथालिङ्ग र छाडातन्त्रको खिया लागेको शासन प्रशासन छ, त्यो खिया हटाउने कसले ?

प्रशासनमा भ्रष्टाचार व्याप्त छ, न्यायालयभित्रको भ्रष्टाचार सबैले देखेका छन् तर समात्ने कसले, समातिने को, नियामक र नियमन कतै पनि देखिदैन ।

भुक्तभोगीहरू भन्छन्- न्याय पाउँ भनेर जानेहरू तारेख लिन, सोधखोज गर्न, फैसला सार्न, फैसलाबारे बुझ्न, पुराना फाइलबारे जानकारी खोज्न जुनसुकै कामका लागि पनि खाजा खर्च दिनुपर्ने बाध्यता दैनिकी हो । वकिल कार्यालयदेखि अदालतभित्र पस्नासाथको यो लेनदेनको प्रकरण कानुनी राज स्थापनाका लागि महारोग हो । लोकतन्त्रप्रतिको अनास्था बढ्नुको मुख्य कारण पनि न्याय क्षेत्रको यस्तो अराजकता नै हो । न्यायालयभित्रै घूसतन्त्र व्यापक छ, ७६१ सरकारको प्रशासन संयन्त्र रोगी बनेको छ ।

लोकतन्त्र आएपछि अदालती नियुक्ती, सरूवा, बढुवासम्म जुन राजनीतिक प्रपञ्च मिलाइने गरेको छ, त्यो प्रपञ्चका कारण अदालत न्यायको मन्दिर हो भन्ने विश्वासमा घात भएको छ । यो सबैको चासो र चिन्ताको विषय बनेको छ तर व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाभित्रका महत्वाकांक्षीहरू यसबारेमा गम्भीर बनेको पाइदैन । पदासिनहरूको एउटै चासो छ- शुभलाभ कसरी हुन्छ ?

अदालती फैसलाहरू दिनहुँ भइरहेका हुन्छन्, ती फैसलाहरू कार्यान्वयन गर्ने कार्यपालिकाले हो, कार्यान्वयन हुन्छ हुन्न, नियमन हुने गरेका छैनन् । न्यायालयले गरेका गलत फैसला, न्यायालयभित्र हुने गरेका लनतन, लेनदेनका प्रकरणहरू जतिसुकै व्यापक र क्रोनिक भए पनि अख्तियार समेत लागेको देखिदैन । न्यायाधीश र न्यायाधीशलाई प्रभाव पार्नेलाई कसले कारवाही गर्ने ? न्यायाधीशको र न्यायालयमा काम गर्नेको सम्पत्ति छानबिन गर्ने कसले ? अन्य संवैधानिक अङ्गहरूका व्यक्तिहरूको सम्पत्ति समेत छानबिन भएका छैनन् । जसले जसरी जतिसुकै भ्रष्टाचार गरे भयो ।

प्रभाबिला व्यक्तिहरूको छाडा भ्रष्टाचार, अनियमितता, पदीय दुरूपयोगको अन्त कहाँ छ ? भ्रष्टाचार कसरी अन्त हुनसक्छ, किन कसैले सोध्दैन ? यसरी अन्त हुनसक्छ भनेर कारण र निराकरण खोजिदैन ? छाडा भ्रष्टाचारको यो अराजकताले समेत देशलाई अराजक बनाउँदै लगेको छ ।

***सुरूमा सर्वोच्च अदालत थिएन, प्रधान न्यायालय थियो । हरिप्रसाद प्रधानलाई राजा महेन्द्रले प्रधान न्यायाधीश बनाए ।***

***तिनै प्रधान न्यायाधीश हरिप्रसाद प्रधानले भनेका थिए- सरकार भनेको चील हो । जनता भनेका कुखुराका चल्ला हुन् । चीलले सधैं कुखुराका चल्ला टिपेर लैजाने गर्छ । खाने गर्छ । अदालत भनेको कुखुराको माउ हो । माउले चल्लालाई छोपेर बस्छ, चीलबाट सधैं बचाउने गर्छ । चील रूपि सरकारलाई जवाफ दिनेगर्छ । चल्लाको रक्षाकवच हो अदालत ।***

वर्तमान लोकतान्त्रिक परिपाटीमा चीलरूपि सरकारले जनतारूपि चल्लाको बाँच्ने लोकाधिकारलाई खोसिरहेको छ, लुटिरहेको छ । अदालतले माउको काम गरिरहेको अनुभूति आमनागरिकमा छैन । सरकार झन झन स्वच्छेचारी बनेको छ । यसको कारण एउटै छ- अदालतभित्र राजनीतिक संरक्षणको आडमा भ्रष्टाचार र अनियमितताको निरन्तरता जारी छ ।

नेपालमा कांग्रेस, कम्युनिष्टहरूले ३५ वर्षदेखि अविछिन्न शासन गरिरहेकै छन् । अहिले पनि कांग्रेस कम्युनिष्टकै सरकार छ । संसद पनि छ । समाजवाद, अग्रगमनको नाममा बनेको सरकार आमनागरिकको लागि काम गर्ने सरकार हुनुपर्ने हो । कुनै पनि सरकारको कार्यकालको मूल्याङ्कन गर्ने विश्लेषकहरूको ठहर छ- जनता गरीब नभए त यिनले शासन नै गर्न पाउँदैनन् । यही सोचले गरीवलाई झन झन गरीव बनाउने काम भइरहेको छ । नेताहरू धनीभन्दा धनी बनेका छन् । शासक प्रशासक र न्यायाधीशले घूस खाएको पैसा विदेश पुर्‍याएको आरोप लागेको छ । युट्यूव हेरे सबै देखिन्छ ।

कांग्रेस आफूलाई इन्टरनेशनल सोसलिष्टको सकृय सदस्य ठान्छ । कम्युनिष्टहरू माओ, लेनिन, तेङदेखि सीजिन पिङको नाम जप्दै काम भने दलालको, हलालको गरिरहेका छन् । नेपालीहरूको यक्ष प्रश्न एउटै छ- अदालतभित्र न्याय किन पाइदैन ? शासनमा कूशासन किन छ ?

न्यायालयको परीक्षण भनेकै न्याय पाएँ भन्नेहरूको आवाज हो । त्यो आवाज मत्थर हुँदै गएको छ । विश्वास घटेको छ ।

अन्य मुलुकहरूमा कुनै पनि मुद्दामा प्रमाण, नजीरहरूको आधारमा प्रेडिक्शन गर्ने प्रचलन छ र त्यसलाई सामान्य मानिन्छ र जनअपेक्षा जे थियो, फैसला पनि त्यही रूपमा आउने गर्छ । नेपालमा कुन मुद्दामा के फैसला हुन्छ भनेर कसैले अनुमान नै गर्न सक्दैन । ४० वर्ष, ५० वर्ष वकालत गरेका अधिवक्ताहरू समेत मुद्दा, बहस, नजीर, कानुन र फैसलामा फरक देखेर चकित पर्ने गरेका छन् । यहाँसम्म कि ७ वर्ष अघि भइसकेको फैसला समेत उल्टाइन्छ । कसको ताकत, किन यस्तो भनेर अदालतलाई सोध्ने ? अदालतले गरेका अनेक फैसलाहरू बिबादित छन्, मानौं प्रशासन भनेको फूर्ती लाउने, घ्रष्टाचार गर्ने र अदालत भनेको न्यायाधीश बनेर, न्यायकर्मी, कर्मचारी भएर तलव खाने र अपराध गर्न पाइने कथित मन्दिर हो ।

अधिवक्ताहरू नै भन्छन्- सर्वोच्च अदालत सर्वदलीय सर्वोच्च अदालत चलिरहेको छ । अन्य अदालतको हालत पनि यस्तै छ । दलको कोटामा नियुक्त पाएका न्यायाधीशले दलको कुरा सुन्छ कि न्यायको आवाज बोल्छ ? हिजो जे हुन्थ्यो, आज त्यो छैन न्यायालयहरूमा । संवैधानिक आयोग, प्रज्ञा प्रतिष्ठानका पदाधिकारी र प्राज्ञसभामा समेत पार्टीका मान्छे भर्ति गरिन्छ । यी पार्टीहरूले देशको कुन क्षेत्र बाँकी राखेको होलान् राजनीतिकरण गर्न ?

सुखी नेपाली समृद्ध नेपाल बनाउने हो भने यो राजनीतिकरणको सिण्डिकेट प्रथाको अन्त्य हुनैपर्छ । यही परिपाटी रहने हो भने रातो पासपोर्ट समेत बेच्ने, मानव बेचबिखनमा मुछिएको व्यवस्थापिका, भ्रष्टाचारको दलदलमा आहाल बसेको कार्यपालिकाले देशलाई चाँदीको घेराबिहीन अन्धकार सुरूङ बनाउने निश्चित छ । सुरूङ बनिसकेको छ ।

वर्तमान लोकतान्त्रिक कालखण्ड १७६५-१८६८ का अन्तिम पाटनका मल्लराजा तेज नरसिंह मल्ल कालमा ६ प्रधानले चलाएको शासन जस्तो छ । राजा पाटन दरवारमा झुल्थे, ६ प्रधान शासन गर्थे । ६ प्रधानले मन नपरेकालाई षडयन्त्र र चक्रव्यूहमा फसाइ फसाइ आँखा समेत निकालेर दण्ड दिन्थे, आफ्ना चाकरहरूलाई मनपरि गर्ने छुट दिन्थे । इतिहासका पानामा अंकित ती डरलाग्दा घटनाक्रम र अहिले नेपालमा भइरहेका अन्याय, अत्याचार, बलात्कार, हत्या, भ्रष्टाचार, अनियमितता, मनलागीतन्त्रमा कुनै भिन्नता छैन । योग्यहरूले भोगेको अपमान र न्याय नपाएर अन्यायमा परेकाहरूलाई थाहा छ- अहिलेको पद्धति जनताको थाप्लोमा थिचेको कहर हो ।

वर्तमान शासकहरूले सिकाएको एउटै विद्या हो- बेइमानी । जनताले ठूलो संघर्ष गरेर परिवर्तन त ल्याए, विजयी पनि भए, त्यो बिजयोत्सव जनताले कहिल्यै मनाउन पाएनन् । बिजयोत्सव त पार्टी र विदेशीले पो मनाइरहेका छन् । एकातिर देशकै बिखण्डन, अर्कोतिर शासकको अधिनायकत्व र धार्मिक धावा, नेपाल १० वर्षे जनयुद्धपछिको अर्को रक्तपाततिर उन्मुख भइसकेको छ । यो खतरासँग जुध्न कोही तैयार छैनन् ॥

कम्तिमा व्यवस्थापिका र कार्यपालिकाले जतिसुकै अधिनायकवाद चलाए पनि सेन्सर गर्ने अदालत छ भन्ने विश्वासको दियो बन्नुपर्छ न्यायालय । न्यायालय निभेको दियो बन्यो भने उज्यालो कसले दिने ? प्रथम प्रधानन्यायाधीशले यही भनेका थिए । अदालत र सेना जहिले पनि जिवन्त हुनुपर्छ । यी दुई शक्ति सजिव छन् भने देश कहिले पनि असफल हुनसक्दैन ।

यो लेखको मनसाय मन्दिरलाई पवित्र बनाउनु पर्‍यो, साझा सफा आस्थाको केन्द्र बनाऔं भन्ने हो । पहिलो प्रधान न्यायाधीश हरिप्रसाद प्रधानले भनेजस्तो सरकार रूपि चीलबाट चल्ला रूपि जनताको रक्षा गर्ने आमाको स्थान सेना र अदालत हो, आमालाई आमा बनाएर राखौं भन्ने हो । आमाको बलात्कार हुन दिनु भनेको नराधम काम हो, जुन नराधम कार्य भइरहेको छ । शासन प्रशासनमा बस्ने प्रत्येकले आफ्नो आमा सम्झेर किरिया खानुपर्छ कि म भ्रष्टाचार गर्दिन । प्रत्येक जनप्रतिनिधि निष्ठामा बस्छु भनेका दिन नेपालको अग्रगमन सुरू हुनेछ । यस्तो साइत कहिले जुर्ला ?



# संघीयता खारेज गर्न बेलैमा अगाडि सरौं



सुरेशकुमार पाण्डे

सङ्घीयतामा गएका राजनीतिक दलहरू पनि अहिले राष्ट्रीयता र गणतन्त्रको लागि सङ्घीयताको बिरूद्ध आवाज उठाउंनु आजको आबस्याकाता हो। मुलुकमा सम्वैधानिक गणतन्त्र सङ्घीय सम्रचनाको अभ्यास अनुसन्धान हुदै आएको छ। तर अहिले लामू समय हुँदा पनि सङ्घीयताले कुनै सकारत्मक छाप छोड्न सकेको छैन्।त्यसकारण हामि सङ्घीयताबाट फर्किनुको बिक्लप छैन।

संसारका करिब २८ देशहरूमा सङ्घीय व्यवस्था छ। तर पनि कयौं देशहरू सङ्घीयताबा फर्किएका पनि छन्।कयौँको सङ्घीयताकै कारण पतन भएको पनि देखिन्छ। हाम्रो छिमेकी मुलुक भारतमा आजादी भन्दा पहिले देखिनै सन्१९३५तिर काङ्गेसका नेता महोम्मद अलि जिन्नाले स्वायत्ता अर्थात द्वि-राष्ट्रको माग गर्दै आएका थिए। त्यो वेला नेहरूले बिरोध गरे उन्ले अन्तिम समय सम्म बिरोध नगरेको भए भारतलाई अंझैबढी नोक्सान हुनसक्थ्यो। नेहरूले लगातार द्वि-राष्ट्रिय सङ्घीय व्यवस्थाको बिरोध गरेकाथिए। अन्तिममा मूश्लिम देशको रूपमा पाक अलग्गियो।

हाम्रो देशभित्र मधेशवादीहरूले पनि एक मधेश एकप्रदेशको माग त्यही तर्जमा गरेका थिए वा अंझैपनि गर्दैछन्।

कतिपयले सङ्घीयता खारेज गरेर त्यसको ठाउँमा पुरानै प्रकारको प्रणालीनै चाहान्छन्। न पुरानो, न नयाँ प्रणाली चल्यो। जनताका अपेक्षा संबोधन गर्न नसक्ने र आधुनिक समानतालाई अँगाल्न नसक्ने कुनै पनि पद्धति चल्न सक्दैन।

जातपात, धर्म, क्षेत्रीयता अथवा पुरातन सोचले राष्ट्रको हित र जनकल्याण सम्भव छैन। समयसँगै चल्ने अग्रगमन आवश्यक छ। पृथ्वीनारायण शाहको पाला देखि एकिरणको अभियान चलेको देखिन्छ। त्यो एकीकरणले नेपाली पहिचान दियो। पुर्षाले ठूलो मेहनतका साथ देश निर्माण गरे, लोकतन्त्र भन्नेहरूले त्यो एकतालाई खण्डित गर्दैछन्।

त्यो भन्दा पहिले र त्यसपछिका निरङ्कूश व्यवस्था भोगेका नेपाली जनताहरूले फेरी त्यही प्रकारको तानाशाह अवश्य पनि निम्ताउने काम गर्ने छैनन्।

बरू प्रजातान्त्रीक बिकेन्द्रीयतामा आधारित स्थानीय स्वायत्त साशन माथि आधारित एकात्मक साशन प्रणाली कायम गर्नुपर्दछ भन्ने आम धारणा पाइन्छ। यो राष्ट्रियता, एकता र गणतन्त्रको लागि आवश्यकता पनि हो।

नेतृत्व असफल भएकाले जिम्मेवारी पूरा गर्न अग्रसर हुनु सबै देशवासीहरूको कर्तव्य पनि हो। हामीले सङ्घीयताले कति फाइदा भयो कति नोक्सान भयो भन्नेबारे गहन अध्ययन गरेर अब समय रहँदै यो सङ्घीयताबाट एकात्मकतामा फर्किनु पर्दछ साथै स्थानीय निकायहरूलाई अधिक शक्तिशाली बनाउँदै जानुपर्दछ।

२०६४ साल फागुन १६ गते मधेशी आन्दोलनबाट झुकेर अन्तरिम आठ दलको सरकारले सङ्घीयता भित्राएपछि अन्तरिम सम्विधानमा थपियो। जेष्ठ १५ गते २०६५ मा देशलाई सङ्घीय लोकतान्त्रिक गणतन्त्र घोषणा गरियो। पछि २०७२ मा सम्विधानमा पनि पारित गरियो। यसरी सङ्घीयता नेपाली जनताको माग नभए पनि विदेशी प्रतिकृयावादीहरूलाई खुशी पार्ने उदेश्यले भित्राएको देखिन्छ। माटो सुहाउँदो नभएपछि असफल भयो।

अहिले करिब १८ वर्षजती लामू समय हामीले सङ्घीयताको अनुभव गरिसकेका छौं। वास्तबमा सङ्घीयताले देशमा ठूलो नोक्सान नै पुराएको देखिन्छ। अहिले देशमा ऋण एकजनालाई लगभग नब्बे हजारको हाराहारीमा बिभाजन गर्न सकिन्छ। गत असौजसम्म एकजनालाई ८६ हजार पाँच सय दश रूपियाँको भार थियो।

सङ्घीयता भित्रिए पछि देश ऋणमा मात्र परेको छैन विदेशीहरूको चलखेलमा पनि व्यापकता आएको छ। देशका सरकारी कारखानाहरू पनि बन्द भएकाछन्।उत्पादन शून्य र खर्चमा बडोतरीकै कारण देश हरिकंगाल भएको देखिन्छ। नीजिकरणमा व्यापकता आउनाले आज सरकारी पाठशालाहरूको दयानिय अबस्था छ। सरकारी पाठशालाहरू बन्द हुने कगारमा पुगेका छन्। युवाहरूलाई रोजगारको व्यवस्था देशभित्र हुन नसक्दा देश युवा बिहिन हुन पुगेको छ। देशमा भ्रष्टाचार र नकली समानको भरमार छ। मदिरा र लागुऔषधमा युवाहरू लिप्त हुनथाले। यो बेरोजगारीले गर्दा युवाहरूलाई मानसिकरूपमा असर गरेको छ र नकारात्मक छाप छोडेको छ। यता तिर जती सरकारको ध्यान जानुपर्ने थियो, जानसकेको छैन। सङ्घीयता कै कारण देश ऋणमा डुबेको छ। अहिले देशको ऋण २५ खर्ब २८ अर्ब ६२ करोड भन्दा बढी पुगेको देखिन्छ। यो कहालीलाग्दो तस्वीर हो। यतिका ऋण, सहयोग र राजस्व नेताहरूले लुटेकोमा दुईमत छैन।

यो तथ्याङ्क उत्पादनको भन्दा ४४% भन्दा बढी हो। ऋणभार थप्ने काम अहिले पनि कायमै छ। प्रतिफल नहुने, ऋण बढ्ने, भ्रष्टाचारमा शासन प्रशासन डुब्ने, हाम्रो नियति यही हो।

यहि प्रकारले ऋण थपिँदै जाने हो भने देश कहाँ पुग्ला ? यसबारे सहजै अनुमान गर्न सकिन्छ। नेपालको आयश्रोत भनेको रेमिटेन्स, देशका जनताहरूले तिरेको तिरो, कर नै हो। खर्च जिल्ला ७७, महानगरपालिका ६, उपमहानगर ११, गाउँपालिका ४६०, नगरपालिका २७६, वार्ड ६७४३, छन्। १६५ मन्त्री, आठवटा सरकार अनि नौवटा संसद र ८८४सांसद। उपरोक्त प्रदेश तथा केन्द्रीय कर्मचारी उन्को तलब भत्ता लगायतको खर्च। यती ठूलो खर्च तर आमदानी खासै छैन अनि विकास हुनसक्छ ?

श्रीलंका जस्तै-जस्तै हाम्रो देशको अबस्था हुनपुगेको छ। देशभित्र डिफाल्टरहरूको सङ्ख्या बढेको छ। बैंकमा बित्तिय कारोबार पराय ठप्प छ। देशलाई यति धेरै ऋणको भारी बोकाउने सङ्घीयता किन चाहियो ? प्रश्न यही नै हो।

आज सङ्घीयताले गर्दा नै देशमा साढे छ दशकको दृघाकालिन शंघर्षबाट आएको गणतन्त्र नै धरापमा परेको छ।एकातिर देशका नागरिकहरू देशमा बस्ने बातावरण छैन, देश अशुरक्षित भयो। यो राष्ट्रघाती र जन घाति सङ्घीयताको भारी बोक्नै पर्ने किन ? के हामि सङ्घी व्यवस्थाबाट मुक्त भएर त्यो धनरासी देशको बिकासमा लगाउन कस्ले रोकेको छ ? यसबारेमा प्रष्ट हुनैपर्छ।

सङ्घीयताबाट कसैलाई फाइदा छ भने कतिपय झोलेहरू मन्त्री सांसद बन्न पाएका छन्। देश र सर्वसाधारण नागरिकलाई यो ऋणको भारी नै हो।

देशका जनताले कुनैपनि कालखण्डमा माग नगरेको कुनैसमयमा पनि यसबारेमा चर्चा समेत नभएको सङ्घीय व्यवस्था एक्कासी लागु गर्दा देशमा आएको गणतन्त्र र धर्मनिरपक्षयतालाई खतरामा पार्यो। देशमा जनताले आफ्नो बलिदान दिएर ल्याएको संम्विधान् समेतलाई यसैले अवसान गर्ने आधार तैयार पार्दै लगेको देखिन्छ। देशभित्र अग्रगमनकारीको लुटको अखडा र प्रतिगामी तत्वहरूको गणतन्त्र माथि प्रहार गर्ने मुख्य श्रोतको रूपमा उभिएको सङ्घीयता नै हो।

देशभित्र भएको अपराध, महंगी बालात्कारलाई नियन्त्रण गर्न नसक्नु र देशमा ऋण लगातार बढेर जानुले प्रतिगमनलाई टेवा पुराएकै छ। देशको राजनीतिमा आर्थिकको महत्वपूर्ण भूमिका हुन्छ तर हाम्रो देशको परनिर्भर नीतिले गर्दा नै देशमा उत्पादनको श्रोत खोज्नै सकिएन। त्यो नीतिले देशलाई विदेशीको मण्डी बनाएर छाड्यो।

राजनीतिमा अदूरदर्शियता र अराजक कार्य शैलीले देशलाई रणभूमि बनाएको छ। नेताहरूले जन समर्थन जुटाएर अतिरञ्जित र उत्तेजित नारा लगाउनाले परिणाम गृहयुद्ध उन्मुख छ।

सङ्घीयता देश र जनताको हित बिपरित विदेशीहरूलाई खुसी पार्न आन्दोलित भएकाहरूको दवाबमा आएको हो। जसरी पनि समय छँदै यसलाई देशबाटै हटाउनु जरुरी छ।

सङ्घीयतालाई राखिरहँदा देशमा ऋण माथि ऋण थपिँदै गयो भने देशलाई जोगाउंन गारो हुने छ। सङ्घीय व्यवस्था नेपाली भूमिमा फल्न र फूल्न सक्दैन। आर्थिक, सामारिक र भगौलिक रूपबाट पनि देशमा सङ्घीयताले फाइदा दिन नसक्ने देखिन्छ। हामीले सङ्घीय व्यवस्थामा गएका देशहरूलाई गहिरोगरी अध्यायन गर्दा मूलत: तीनप्रकारको अवस्थामा उनिहरू सङ्घीय व्यवस्थामा गएको देखिन्छ। प्रथम-छरिएर रहेका राज्यलाई एउटै राष्ट्रमा ल्याउने र बलियो राष्ट्र निर्माण गर्ने, दृतीय-छुट्टिन खोजेको राष्ट्रलाई एकतामा बांधेर बलियो बनाउने। तृतीय-उपनिवेशबाट मुक्तहुन खोज्ने देशहरूलाई सङ्घमा ल्याउने। तर देशमा यस्ता कुनै पनि आधार अबधारणा देखा पर्दैनन् बरू सङ्घात्मकताको नाममा विखण्डनको बिउ रोप्ने काम भएको छ।

तसर्थ देश र जनताको सर्बोपरि हितमा सम्विधानबाट सङ्घीयता निकाल्नु पहिलो सर्त हो। हामी यदि साँच्चै देशको हित चाहेका छौं भने सङ्घीय व्यवस्थालाई खारेज गर्न समयमै अगाडी बढ्नु उचित हुनेछ।

## In the context of the statue unveiling of late Radhe Shayam Kayastha Sir by Distinguished Respectable Educationist Professor George John in Pokhara

## "A long left and heartfelt tribute to my late Pokhareli Best Friend Radhe Shyam Kayastha"

# An Exemplary Memorabilia of my passed days with Him

**By Uttam Karmacharya**



1. Preface
I still remember my mental traces of around 1962 meeting late Radhe Shyam Sir , late Ganesh Man Palikhe Sir and Late Surendra Shakya Sir, when they were studying in Kathmandu / I.Sc. from Public Science College and Trichandra College. We used to meet time to time in Trichandra College and our hired rooms ( Deraa ) in Kathmandu dress upped with white Kameja Surwal through late Krishna Gopal Shrestha of Banepa . Late Krishna Gopal was very good friend of them as Pokhareli friends. They used to travel in vacations to and from Phokhara through Royal Nepal Airlines. I still remember the airfare of those days of 1962s was around Rs. 23.75 Paisa when I / we travelled as a first Social Service Program / Student Group of Bachelors student of College of Education Kathmandu in Ghaachok and Arghaun VDC of Kaski District. During our visit to Pokhara we came to meet the late District Chairman Chandra Singh Ghale, Poet Bhupi Sherchan, Anchaladhish / Malla Zonal Chief, Lachhe bahadur Gurung and Prithivi Narayan (PN) College staff including the founder Principal of PN College George John Sir in the college group meeting of the Social Service Group farewell session in 1962-64.

Then, I came to know Bal Gopal Amatya Sir and late Ganesh Gurung Sir and late Radhe Shyam Kamaro Sir and late Bala Bir Singh Negi Sir among others latter on during my assignment to Pokhara Campus as an assistant professor of the College of Education Pokhara Bagar in 1965.

2. Respectful obligation to Bhauju Laxmi Maya Kayastha
I can never forget the kind hospitality of Respectable Bhauju Laxmi Maya Kayastha . I visited many times Mahendra Pool home for lunches and dinners. I can never forget Laxmi Confectionery Pashal with varieties of chocolates when their kids were very young as young as my kids Ujwol, Prajwol and Ujwola . Sanjeeva , Raju and Pratima were also so young at the age of Chocolate . We had family picnic in Begnaath Taal many years back including all three children of Kayastha family with my wife Madam Pramila Karmacharya . I also remember my visit to Begnaath and Rupaa Taal with Kayastha Sir after the marriage of Pratima when the family of Pratima was staying in Rupaa Taal area with her family / husband, Our Jwayi / son-in-law Rabi Shrestha.

My assignment to PN Campus as an Assistant Campus Chief of the College of Education / Education Faculty in 1966 when the Humanity Dean office was established in PN Campus Pokhara from Kathmandu with the first Dean of the Institute of Humanity Professor Dr. Parthibeshwor Pd. Timilshina . Respectable George John Sir was founder Campus Chief of PN Campus and late Radhe Shyam Kayastha Sir was my colleague as Assistant Campus Chief of the Faculty of Science under the Institute of Science ,TU Kathmandu Nepal Respectable Laxmi Bhauju Hardic Namaskar

3. Continuation of Friendlier- Friendship
As we were good friends for last four decades, we used to talk over the phone time to time to the family of late Kayastha Sir even when he used to stay in Pokhara and me in Bhaktapur Kathmandu Valley and abroad . We can never forget our very late dinner at the home of late Kayastha Sir with our late Mayor of Banepa Municipality Ram Bhakti Kokh- shrestha during our visit to Pokhara to attend the first meeting of the National Association of Mayors of Nepal. Late kokh- shrestha was elected as the first vice president of the National Association of the Mayors of Nepal . We were very grateful to Respectable Laxmi Maya Bhauju and their first daughter-in-law Ms. Shila Kayastha for their kind hospitality and honor.

By the way as usual when I got contact to his elder daughter-in-law, Ms. Shila Kayastha, the wife of the son Mr. Sanjeeb Kayastha ,I was seriously asking her about the health condition of Kayastha Sir in the hospital. She very sadly told me that her father-in-law was already passed around three months back . It was so sad and bad news for me and my family members. Since then I was very interested to visit Kayastha family and Laxmi Bhauju . Accordingly during my one important meeting to participate as a senior most advisor of The Karmacharya Society of Nepal regarding the establishment of Western Region The Karmacharya Society of Pokhara initiated by the founder president of the Karmacharya Society of Pokhara Shree Chandra Krishna Karmacharya, I got chance to stay some days in Pokhara. Mr. Chandra Krishna Karmacharya was kind enough took me to the home of my friend Bal Gopal Amatya Sir . With the help of Amatya Sir I visited the family of late Kayastha Sir , late Ganesh Gurung Sir and late Surya Ratna Shakya Sir to express my Heartfelt Condolences to their bereaved family members around four years back . Since then I was so sad to hear about the demise of my beloved friends including Kayastha Sir . Suddenly, last week I got an invitation by Ms. Pratima through messenger / Viber regarding the opening the memorial statue of late Kayastha Sir being inaugurating / unveiling by Respectable and Senior Citizen plus founder of PN Campus Pokhara George John Sir . I became so happy to know the valuable contribution of the family members for statue unveiling program being held in response to the valuable contributions and memories of their late father .We are very obliged and grateful to all family members for their respect and honor. Chhori Pratima . Thanking you so much for your kind invitation. God bless you always.

4. Profile of Late Radhe Shyam Kayastha in Academic Faculties
We are very happy to know the role of late Radhe Shyam Kayastha Sir in Academic Faculties in different capacities . Late Kayastha Sir was appointed as Founder Professor of Botany in P.N. College (P.N. Campus) on Asar 16, 2026 and continued since the establishment of Science. ( up to 2061 Fagun); he worked as a Head of Department of Biology and then Botany (2030-2040), (2043-2061); Assistant Campus Chief in Science and Technology, and many different portfolios in P.N.Campus; Member of Faculty Board of Science and Technology T.U. (1996-2000) ; Chief Editor of First P.N. Campus Research Journal (1996), Adviser (1997-2000); Subject Expert in T.U. Service Commission, Kirtipur and P.N.Campus, Pokhara (from time to time); Campus Chief of Mount Annapurna Campus (2049-2057 B.S.); Founder Chairman, College of Education Managing Committee, Pokhara (2048 to 2061); Visiting Scientist in Rikkyo University from Nepal , Tokyo, Japan (April 1 to July 3,1998); Chairman, Science Subject Committee and Member; Faculty Board and Academic Council, Pokhara University; and Preparation Committee member of Pokhara University (1996 to 1998); and Member, Steering Committee of proposed Pokhara University (1987 to 1996). Before the demise of Kayastha Sir four years back, he was outstanding Chief Patron (2051/1994 ) and Principal (2059/2003 )of New Galaxy Higher Secondary School; Senator, Pokhara University(2066 )B.S. and Senior Advisor, Private Association of Higher Secondary School, Kaski. Pokhara (2067).B.S.

5. Awards and Felicitations in response to his valuable contributions
By the way I am very happy to share his award and felicitation he received duting his life time. He was privileged with National Education Award 1989(2046 V.S.); Mahendra Bidya Bhusan 'Ka' (2048 from Late King Birendra Bir Bikram Shaha Dev (2048); Dirgha Sewa Padak, T.U. April 27, 1996(Baisak 14, 2053); and Man of the year (1997) and International Culture of Diploma of Honour from American Biographical Institute (October 9, 1998).

6. Blessing to Late Kayastha Sir
The late Kayastha Sir and Respectable Bhauju Laxmi Maya Kayastha were blessed with one daughter Pratima (Shrestha )Kayastha and two sons Sanjeeb Kayastha & Raju Kayastha;Daughter in laws : Shila Kayastha & Manju Pradhan (Kayastha); Grand sons : Ananta Kayastha, Aashik Kayastha & Swyamshu Shrestha ;Grand daughters : Aanjushi Kayastha, Aarohi Kayastha & Bitima Shrestha; Grand daughter in law : Sadikchha Thapa (Kayastha)and Great Grand son : Aaronsh Kayastha.

Late Radhe Shyam was the son of late Bhairab Lal Kayastha and mother late Gyan Kumari Kayastha

Late Kayastha Sir had done M.Sc. in Botany and Ph.D. from Patna University.(1986); First M.Sc. (1968) from Pokhara Valley (2nd Batch Student of T.U. College); B.Sc. from Tri-Chandra College (Now Tri-Chandra Multiple Campus, Kathmandu; I.Sc. from Public Science College (Now Amrit Science Campus, Kathmandu; Class I to IX in National Multipurpose High English School (National Higher Secondary School, Pokhara); SLC from J.P.High School, Kathmandu. Hopefully If I could be able to attend the Statue unveiling Program / Ceremony in Pokhara on 27 Poush Saturday 2081 , I will try my level best to publish next article on late Kayastha Sir as a second part ( part two ) in continuation of this article with details of the unveiling program and the social activities of late Kayastha Sir contributed in different walks of life during his life time and academic achievements conducted and accompliced.

*Thank you very much for your kind attention and valuable time going through my this simple and short article.*

### हार्दिक निमन्त्रणा

श्री उत्तम कृष्ण कर्मचार्यज्यू,
भक्तपुर



न्यू ग्यालेक्सी इ.मा.वि. का संस्थापक/प्राचार्य, पृथ्वीनारायण क्याम्पसका संस्थापक/ सहायक क्याम्पस प्रमुख लगायत विभिन्न शैक्षिक तथा सामाजिक संघ संस्थाहरुमा आवद्ध शिक्षाविद् स्वर्गीय **डा.राधेश्याम कायस्थ** (कायस्थ सर) को **प्रतिमा अनावरण कार्यक्रम** शिक्षाविद् जर्ज जोन ज्यू द्वारा निम्न मिति, स्थान र समयमा हुने भएको हुँदा यहाँको गरिमामय उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं।

मिति : २०८१ पुस २७ गते
स्थान : न्यू ग्यालेक्सी इ.मा.वि. प्राङ्गण
समय : बिहान ८:०० बजे

कार्यक्रम संयोजक
डा. रामजी शर्मा
प्रिन्सिपल

प्रार्थी
श्रीमती लक्ष्मीमाया कायस्थ
तथा कायस्थ परिवार

# In the context of 21th RC Bhaktapur Chater Day Celebration 25 th June Tuesday amid Rotary District 3292 Respectable Governor Rtn. Rajendra Pd. Dhoju.

# My memories and Professional Review Lessons for the Future



***Rtn. Uttam Karmacharya and Anne Pramila Karmacharya***

1. My past memories

My past memories back to the month of June 2003, it was the month of pregnancy delivery month of RC Bhaktapur Nepal. Several meeting were held for the normal delivery of RC Bhaktapur. It is praiseworthy to note that Distinguished District Rotary Personalities have







played a remarkable role to give birth to the RC of Bhaktapur taking care right from the incubator of labor room to this wonderful field of national and international social service above self. To remind you in short, we can never forget the initiation of Shiva Guest house to provide first meeting venue and contact point. We are very grateful to the owner of Shiva Guest house our former Chartered member Rtn.Suresh Dhaubanjar. Regarding the birth of RC Bhaktapur, we wish to express our long-left and heartfelt obligation and gratefulness to formar AG Rtn. Pushkar Shakya ( GSR for Bhaktapur ); former AG Rtn. Gopal Sundar Lal Kakshapati; former District Secretary Rtn.Shiva Bhakta Rajbhandari; former AG & born RC Master Trainer Rtn. Dilendra Shrestha; Former International District DS Nepal Zone 1—IV Rtn. William Ma; former chief coordinator Dr. Tikaman Vaidya and Former Chief Counselor Rtn. Gopal Rajbhandari. All of them have contributed a lot for the creation and establishment of RC Bhaktapur. They deserved a special credit for the cause and promotion of RC Bhaktapur. We, on behalf of the Charted Members, wish to express our cordial honor and respect to all of them in respond to their valuable and memorable contribution extended to RC Bhaktapur to date.

Dear Respectable President, Past presidents and Fellow Rotarians of RC Bhaktapur , we wish to express our heartfelt congratulations for celebrating our RC Bhaktapur Chartered Day every year 25th June from 2003- 2024 effectively. This year it was most remarkable and memorable because of wonderful presence of Respectable District Governor Rtn. Rajendra Pd. Dhoju, District Secretaries Rtn. Dinesh Manandhar & Durga Pd Subedi, Our AG Rtn. Tula Bahadur Kandel, Incoming AG Rtn Sushil Khadka; Rtn Binita Joshi Pradhan Ma'am ;Rtn Bhawani Devkota Ma'am from the distrct and RNA Group head Mr. Arun Sainju and his friend and Interact Past President Mr. Roz Karmacharya plus team members .

2. Charter Team of RC Bhaktapur 2003

1. Rtn. KP Tamrakar, Charter President (Discontinued /no more member ) (First list )
2. Rtn . Professor Dr. Uttam K. Karmacharya, Charter Vice –president(First list )
3. Rtn. Neel Krishna Tamrakar, Charter Secretary; (First list )
4. Rtn. Suresh Bdr. Dhaubanjar Director Finance (Discontinued /no more member ) ; (First list )
5. Rtn. Yubak Rajbhandari , Director Club Service (Discontinued /no more member ); (First list )
6. Rtn. Krishna Pd. Awal, Director Community Service ; (First list )
7. Late Rtn. Rajendra Pd. Jonchhen, Director International Service (Discontinued /no more member ); (First list ) One
8. Rtn. DirendraBdr. Mool, Director Vocational Service (Discontinued /no more member ) ;(Frirst list )
9. Rtn. Uttam Pd.. Vaidya, Sergeant –at- arms (Discontinued /no more member). (First list )
10. Rtn. Amar manandhar
11. Rtn. Balmukunda Prajapati ( member (First list ) )
12. Rtn. Jaya sundar Hada First list )
13. Rtn. Keshava Diwakar (First list )
14. Rtn. Mahesh Dhaubhanjar (First list )
15. Late Rtn. Mijendra joshi- Two
16. Brtn Om krishna Shrestha (First list )
17. Rtn. Prakash M Dhaubadel
18. Rtn. Rabindra Puri (First list )
19. Late Rtn Sushil Prajapati (First list )-Three
20. Late Rtn. Sachi Prajapati (First list )- Four
21. Rtn. Sundar Pratap Rana (First list )
22. Rtn. Shiva Manandhar
23. Rtn. Shyam Sundar Dhaubadel (First list )

On going Continued Eight Charter Members are :

1. Rtn. Keshab Diwakar ;
2. Rtn. Om Krishna Shrestha;
3. Rtn .RabindraPuri ;
4. Rtn. SundarPratapRana ;
5. Rtn. Shyam SundarDhaubadel
6. Rtn. Krishna Pd.Awal
7. Rtn. Neel Krishna Tamrakar
8. Rtn . Professor Dr. Uttam K. Karmacharya,

Eleven Charter members have discontinued (No more members. Three of them were passed away). Let us all pray for the eternal peace of their departed souls in the heaven.

3. Lucky RC Bhaktapur to have DG Rtn. Dhoju as a chief Guest for the first time in Charter Day celebration and 6th join meetings

The 21 th Charter Day of RC Bhaktapur was attended by DG Rtn. Dhoju as 16 th DG of Nepal District 3292. As we know the individual differences in human individual psychology we found DG Rtn. Dhoju quite different from others in presenting Key note speech differently in responding the group reporting by five faculty Directors/ chairpersons . It was most instrumental, instructing and professional.


DG was really very serious to share the each presentation of Club administration Director,; Service project Director; Membership Director; Public image Director; Rotary foundation Director; and Club environment Director .

In response to each presentation of Director of different activities, he was really very serious to provide the gathering the following lessons as his valuable suggestions and major observation

4. Lessons learnt: as valuable suggestions and major observation/ highlights

1. Rotary clubs of Nepal was under 3290 District Calcutta long time back
2. Rotary District 3292 was installed in Nepal as a new district on 2008 July First Tuesday
3. Attending RC Bhaktapur Chater day 25 th June with two Ags and two District secretaties
4. Team of Chartered members and Chartered Dignitaries
5. Ongoing chartered members
6. Heavenly abode Chartered members
7. 21th Charter Day and 6 joint meeting with Two Assistant Governors ( AGs)
8. Reporting of the year 2023- 24 of five directors / chairpersons
9. Lessons and reply discussion of District Governor explaining To date 159 Rotary clubs of Nepal
10. Listing of Pass Districts Governors
11. Urgent need of the study of the bylaws of each Rotarians specially by all directors
12. Need of nominating Pass Presidents an Advisor in each sector to assist faculty Directors
13. Very important Four five years of input and process positions before being a president
14. Team of IPP , President and Incoming president plus secretaries should be as a steering committee
15. Clear New vision and programs of incoming president and team Selection of committed team members not only for positions sake
16. Experience sharing of RC Butaul Cat lab establishment and donation

(Rtn. Professor Dr. Uttam Karmacharya (Ph.D ) , Charter Vice-president and Past President of RC Bhaktapur / Board of Director since 2003- 2024 to date) Friday, January 3, 2025




# Smash And Grab

*By Sunanda Datta Ray*

Another is that he was a martyr, not to the Chogyal's cruelty, but to the machinations of those who needed just such a crime to pin on the palace and, more specifically, on the Sikkim Guards. No one, however, thought it necessary to ask who benefited most from Ram Chandra Poudyal's mangled and bleeding wrist.

When the royal party reached Gangtok, there was Khorana, supposedly confined to bed, waiting in the bazaar to flag down the escort jeep. "You're supposed to be so ill you couldn't even come to receive me," exploded the Chogyal. "How dare you stop my escort!" The police commissioner retorted that the Guards had attempted to murder a legislator; he had been commanded by the chief executive to stop and search all the royal vehicles for a bloodstained weapon or other incriminating evidence.

India and Sikkim were both in tumult, everybody baying for the Chogyal's head. Kazi and his party raucously shrieked that the Guards would at once have to be disbanded, and the Chogyal deposed. Lal would not go quite so far as yet-he could not-but he ordered Captain Yongda's arrest. This was striking directly at the palace: the Chogyal could feel the net closing in.

The chief executive had already launched another personal attack. Rasaily being in favour at court, he was suspended from service- on the grounds that the trip to Kathmandu was in defiance of orders. But this was a weak charge, and the auditor-general was simultaneously accused of corruption while serving as food commissioner from 2966 to i970. Keshav Chandra Pradhan also obligingly filed a petition charging Rasaily with embezzling Rs 557,000 when he had been chief conservator of forests in 1961-62. But Rasaily had accompanied the Chogyal to the palace and would not emerge to be arrested. The policemen sent by Khorana had no authority over the Chogyal's household and had to return without their quarry. Disappointed, Lal told newspapermen that a man who abetted absconding thieves was not fit to remain head of state.

Unfortunately for the chief, executive, Yongda's arrest embroiled him in a legal dispute. Tarachand Hariomal, who had earlier fought off pressure, examined the charge-sheet and evidence, and instructed the police to release the captain on bail. He again incurred Lal's anger by granting bail to Rasaily when he surrendered in court. "I sent for the police commissioner with all the relevant papers", says the chief judge of the Central Court. "Again there were pressures for not releasing him on bail. Beyond the first information report which contained no details, no other papers were produced. Without going deep into the merits of the charge at such an early stage and in the absence of proper material, the accused was ordered to be released on bail on execution of a personal bond of Rs 100,000 with two sureties each in the like amount, in view of the unexplained spell of inaction during the long period of about 12 years and non-production of papers, if any, relating to the alleged charge. All this seems to have angered the executive".

None of these fabricated charges were ever put to the test. Though Yongda was again imprisoned on the eve of the army offensive, nothing was said about the Poudyal incident ; even the complaints then cited were not pursued. Nor was the auditor-general prosecuted. A district and sessions judge dismissed the charges against him m 1980. Rasaily was reinstated in service without blemish, Keshav Chandra Pradhan making no attempt to substantiate his petition.

Hariomal passionately believed in the separation of powers. "It has to be conceded that no nation can prosper or progress without an independent judiciary with the rule of law as a basic and fundamental feature," he argued in a long memorandum to Charan Singh when the latter was the home minister of India. A copy was also sent to Shanti Bhushan who then held the law portfolio in Morarji Desai's Janata government. "The time-honoured doctrine of separation of powers and independence of the judiciary from the corrupting influences of individuals and political parties has remained a source of inspiration for all civilized nations of the world". When Hariomal arrived in Gangtok, the kingdom had four district magistrates and a munsif magistrate, all of whom enjoyed civil and criminal jurisdiction. But anxious to effect reforms, Hariomal appointed an additional munsif, the two law officers being entrusted with civil cases, so that district magistrates were gradually relieved of many judicial duties. An extensive scheme to reorganize the system, finalized in 1972, was to have been announced at the 1973 birthday durbar; the Chogyal implemented it some months later and courts and judges were firmly established by the time Lal arrived.

The chief executive at once tried to circumvent the reforms by conferring magisterial powers on deputy development officers who were his subordinates. To the chief judge this was setting the clock back. Citing the Indian constitution's directive principles, India's Code of Criminal Procedure, and Sikkim's healthily evolving trend, Hariomal told the chief executive that administrative officers could, at most, try motor vehicle cases. Incensed, Lal hit back by putting bureaucratic spokes in the judicial wheel. The judge learnt that Sanyal, the Namche OSD, had refused to provide the usual court accommodation, residence and transport facilities for Tsewing Dorjee Rinzing, the munsif magistrate, who had to spend two weeks every month touring in the south. When a frightened Rinzing sought a transfer to some more innocuous job, Hariomal again provoked Lal's anger by insisting that the munsif Should be allowed to continue with his duties. contd...

Gorkha Express Weekly
राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक

# कपडामा आत्मनिर्भरता कता हरायो ?

कपडा उद्योग र कपास खेतीमा सन् २००० सम्म आत्मनिर्भर हुने लक्ष्यअनुरूप नेपाल आत्मनिर्भर भैसकेको थियो । २०४७ पछि अबलम्बन भएको गलत तथा एकपक्षीय भन्सार तथा उद्योग-आर्थिक नीतिका कारण विशाल हेटौडा कपडा उद्योग लगायत निजि क्षत्रका नेपालका प्रायः सबै कपडा उद्योग धराशायी भएका छन् । त्यसले तीन हजार जति प्रत्यक्ष, दश हजार जति अप्रत्यक्ष र ४ लाख जति कपास कृषकका रोजगार खोसिएका छन् । कपास खेती र धागो कारखाना पनि धरासायी भएका छन् ।

करिब ४० करोड रकम बराबर संयुक्त राज्य अमेरिका र यूरोपमा बजार पाउन सफल भएको कपासको तौलिया (कटन टावेल) उद्योगलाई पनि सरकारले संरक्षण नदिएर भारतीय उद्योगलाई प्राथमिकता दिएको छ । त्यस उद्योगलाई पाकिस्तानले १८ र बंङ्गलादेशले २५ प्रतिशत सहुलियत दिएको छ । नेपालले कुनै सहुलियत दिएको छैन । कुनै कोटा वृद्धि गर्न कुनै प्रयत्न नै गरेको छैन तर पनि दिएका छन् ।

नेपालको गलैंचा र गार्मेन्ट उद्योगले मात्र निर्यात व्यापारको ६०% विदेशी मुद्रा आर्जन गर्ने तथा कुल बजेटको १५% विदेशी मुद्रा आर्जन गर्ने गरेको थियो । गिरिजाको पालामा गलैंचा भारतलाई सुम्पियो । प्रायः सबै उद्योग बन्द भए र बाँकी १२०० गलैंचा उद्योग पनि नाजुक अवस्थामा छन् । राम्रो बजार भएको नेपालको गलैंचालाई परास्त गरी आफ्नो बजार स्थापित गर्न भारतका निकासीकर्ताले कुचाल चल्न थालेका छन् । अराष्ट्रिय प्रवृत्ति भएका भारतीय दलाली एवं भारतमुखी माफिया दलाललाई हतियारका रूपमा प्रयोग गरी षडयन्त्रपूर्वक यो उद्योग विनाश भएको छ । न्यून गुणस्तरका ऊनी गलैंचा नेपालको भन्सारबाट चोरी आयात गरी नेपालले नाम कमाएको (गुड विल) गलैंचाका नाममा निर्यात गराएर एकैचोटि दुइटा स्वार्थ साधन गरेका छन् । एक पटक बढी नाफा कमाउने र तेस्रो देशको नेपाली बजार बिथोल्ने ।

मिति १४।९।०५४ मा राजस्व अनुसन्धान टोलीले पथलैयामा मिसाई ट्रान्सपोर्टबाट १ ट्रक गलैंचा भारतका सुरेशकुमारले सिर्सिया नाकाबाट आयात गरेको फेला परेपछि वर्षौंदेखिको नेपालको गलैंचा उद्योग असफल बनाउने षडयन्त्रको पत्तो लागेको थियो । नेपालका भन्सार वा दलाल (कर्मचारी, व्यापारी र दल) समेतको मिलोमतोमा यसै गरिँदै आएकोमा एक ट्रक गलैंचा भन्सार गस्ती टोलीले समातेपछि सबैले सधैं शंका गरेको तर प्रमाण देखाउन नसकेकोमा रहस्य उद्घाटन भएको थियो । राजधानीका आधा गलैंचा पसल यस्तै गलैंचाले भरिएका छन् । राष्ट्रिय उन्नति गर्न प्रतिवद्ध, अठोट र आँट भएको राष्ट्रवादी व्यक्ति २०४८-२०६० सम्मको सरकारमा देख्न सकिएन । ती सबैले दलाली काम गरिरहेका छन् ।

सरकारमा बसेका व्यक्तिहरू नै दलाल भएकोले त्यस्तो रोकथामको काममा व्यापारी, उद्योगपति तथा व्यावसायिक संघसंस्थाले गर्नुपरेको छ । यो एउटा घिनलाग्दो र लाजलाग्दो कुरा हो । यसले के पनि पुष्टि गर्दछ भने नेपालमा जी.एस.पी सुविधाको दुरूपयोग भएको छ । नेपाली जनता राष्ट्रवादी छन् तर तिनै जनताको प्रतिनिधित्व गर्ने सरकारमा विदेशी दलालहरू छन् । सरकार अनुसन्धान गर्न पनि तैयार छैन । दलाललाई सत्तामा कसरी राख्ने एउटा मात्र धुन छ । यसरी गलैंचा निर्यात घट्दै गई ०५०/५१ मा २३,२५,१३३ व.मि. पुग्यो । आ.व. २०५४/५५ को प्रथम छ महिनामा १,३३,५८३ व.मि. कम भयो । अहिले गलैंचा उद्यमीले वार्षिक ३ अर्ब रूपैयाँ घाटा सहेका छन् । आफ्नो शिक्षाले प्रतिस्पर्धी सीपयुक्त कामदार उत्पादन गर्न नसकेकाले तथा भन्सार र सीमा नियमित गर्न नसकेकोले गलैंचा र पशिमना उद्योगले इण्डियन नक्कली सामानको मार खानु परेको छ, दुर्नाम सहनु परेको छ, व्यापार ठप्प छ ।

औषधि उद्योगमा नेपालमा वार्षिक ८ अर्ब औषधिको माग छ तथा १५%ले वार्षिक रूपमा बृद्धि भइरहेको छ । त्यसको ६५ प्रतिशत हिस्सा इण्डियाबाट आयात गरिन्छ । इण्डियन औषधि आयात गर्दा त्यसमा भ्याट लाग्दैन तर नेपाली औषधि उत्पादकले लेभल शिशी जस्ता वस्तु नेपालमा उत्पादन गराउनतिर राज्य लाग्दैन । फेरि आयात गर्दा भ्याट लाग्दछ । त्यस्तै छ प्रेस उद्योग । पुस्तक, कापी जस्ता बस्तुको आयातमा भन्सार र भ्याट छुट छ तर त्यसको कच्चा पदार्थ कागजमा कर लागिनुले नेपाली प्रेस उद्योग पन्पाउन सकेका छैनन् । भारतको आशय नेपालका सबै छपाई भारतमा होउन, भारतको उद्योग ब्यापार फस्टावस् भन्ने भएकोले यसो गर्छ । सत्तामा बस्ने नेपालीले केही नबुझी तुरून्त आदेश तामेल गर्छन् ।

सिमेन्ट उद्योगमा पनि आफ्ना उद्योगलाई राजनीतिकरण गरी अव्यवस्था र भ्रष्टाचारको थलो गराउने तथा संरक्षण नदिने गरेका कारण इण्डियन सिमेन्टको नेपालमा बजार बढेको छ । नेपालका तीनवटा सरकारी र अरू गैरसरकारी सिमेण्ट कारखानाले पनि क्षमता भन्दा ज्यादै न्यून उत्पादन गरेका छन् । नेपाली सिमेन्ट भारत निर्यात गर्ने माहुल नै सरकारले गराउन सकेको छैन । कैयौं नेपाली उद्योगहरू बन्द हुने दिशातिर उन्मुख छन् । राजनीति ओहोदाले कमिशनका लागि सुनियोजित रूपमा नेपाली उद्योग बन्द गराउनु तथा भारतीयलाई बजार बनाइ दिनु भएको छ ।

शीप-शिक्षा र वर्क-लाईसेन्सलाई सरकारले व्यावसायिक शिक्षा मार्फत् नै गरेको छैन । रौं काट्ने, केश श्रृंगार गर्ने कार्य नीति अवलम्वन नगरेका कारण एक लाख ५० हजार इण्डियन हजामले नेपाली बजार ओगटेका छन् । उनीहरूले वार्षिक रूपमा ८ देखि १४ अर्ब रूपैयाँ इण्डियामा लैजान्छन् । डकर्मी, सिकर्मी, इलेक्ट्रिसियन, प्लम्विङ, ड्राइभिङ जस्ता शीपहरू तथा फलफूल पसले, तरकारी बेच्ने जस्ता सामान्य सीपहरूको तालीम दिने तथा कार्य अनुमति पत्र (वर्कपर्मिट) लागू गर्ने स्पष्ट नीति बनाएर कार्यान्वयन गर्न नसकेको कारण लाखौं नेपालीका रोजगार खोसिएका छन् । यसबाट थप १५/२० अर्ब रूपैयाँ बिदेशिएको छ । त्यसमा सरकारले कुनै कर असुल गर्दैन जबकी त्यो भन्दा कम आय गर्ने नेपालीले कर तिर्नु पर्दछ ।

कृषि क्षेत्रमा ८० प्रतिशत भन्दा बढी नेपाली निर्भर रहेको मानिन्छ । कृषिमा वंशज शीप छ पनि भनिन्छ । बाख्रा पालन आइमाई केटाकेटीले पनि गर्न सक्तछन्, खेर जाने समय सदुपयोग गर्न सक्तछन् । नेपालमा मासुका लागि मात्र वार्षिक ८ अर्ब बराबरका पशु भारतबाट आयात गरिन्छ । पशु ल्याउँदा कुनै कर वा भन्सार लाग्दैन तर पशु पाल्दा चाहिने दाना, औषधि जस्ता वस्तु आयात गर्दा भन्सार र भ्याट लाग्दछ । स्थानीय सरकारले पनि कर लगाउँछन् । तिनमा दूरदृष्टि र राष्ट्रियताको भावना पाइँदैन । खुला सीमा पद्धति र सरकारको भारत परस्त भन्सार नीतिका कारण नेपालभरका किसानको विरोधका बावजूद पनि भारतीय धान, गहुँ नेपालमा अनवरत रूपमा भित्रिएको छ । भारतका किसानले कृषिको लागि खाद मल झण्डै आधा दाममा पाउँदछन्, बिजुली र सिंचाइमा सुविधा पाउँदछन् तथा फसल बीमा हुन्छ र बैंक व्याजमा सुविधा पाउँदछन् । पानी, औजार, मेशिन, मल र विऊमा छुट (सब्सिडी) छ । त्यस्ता किसानसँग केही सुविधा नपाउने नेपाली किसानले प्रतिस्पर्धा गर्न सक्तैनन् । बरू सरकारको गलत र भ्रष्ट नीतिका कारण नेपाली किसानले नक्कली मलको मार समेत सहन परिरहेको छ । चिया, जुट, खानेतेल तथा कुखुरा र अण्डा व्यवसाय पछिको नेपाली किसानले भोगेको यो थप मार हो । नेपालमा पहिले दिइएको सुविधा पनि काटिएकाले चामल, गहुँ, आलु, जस्ता खाद्य वस्तु तथा चङ्गा, टोकरी, पात्रो, सिलौटा जस्ता घरेलु उद्योगका वस्तु पनि इण्डियाको भन्दा महँगो हुन गई गत तीन दशकदेखि नेपाली उत्पादनमा ह्रास आएको छ र इण्डियन उत्पादनले नेपाल धानिएको छ ।

नगदे बाली र कृषि जन्य उद्योगमा चियाखेती पूर्वाञ्चलको पहाड, जुटखेती पूर्वाञ्चलको तराई, कपास पश्चिमाञ्चलमा सफल ठहरिएका छन् । हाम्रो हिमालदेखि तराई र पूर्वदेखि पश्चिमसम्म भएको मौसमी विविधता पृथ्वीमै अनुपम हो । यसले पृथ्वीका सबै बस्तु उत्पादनलाई सहज र सम्भाव्य बनाएको छ । चिया, कफी, अलैंची, जुट, कपास, टिमुर, स्याउ, अंगुर, च्यूरी, फूल, वीज उत्पादन जस्ता निर्यातयोग्य नगदेबालीलाई निर्यात योग्य बनाउन र सस्तोमा उत्पादन गरी उत्पादकत्व बढाउन आवश्यक व्यवस्था गरी उत्पादकत्व र रोजगार बढाउन सकिन्छ । वनबाट जडिबुटीजन्य, वनौषधि, पात, बोक्रा र खोटोजन्य, टिमुर, चिउरी जस्ता गेडाजन्य, धाइरो, गुराँस जस्ता फूल जन्य तथा कस्तुरीको बेनाजन्य वस्तुको विकास गरेर वनमा आधारित उद्योग बढाएर निर्यात गर्न सकिन्छ । खुला सीमा पद्धति रहेसम्म र निर्वाध पारवहन सुविधा नभएसम्म यी कुरा सम्भव छैनन् ।


डा. शास्त्रदत्त पन्त

# गिदीमथिङ्गल हल्लाउने प्रश्न

धर्मरत्न श्रेष्ठ-

१० वर्षे जनयुद्ध भयो, नतिजा के आयो ? जनयुद्धको मुख्य उद्देश्य सत्ताप्राप्ति थियो त ? होइन भने जनयुद्धकालमा जे जति प्रतिवद्धता गरिएको थियो ती कता गए ? जनयुद्धको सफलतापछि देश र जनताले के पाए ? प्रष्टिकरण दिनुपर्दैन ?

जनयुद्धका कमाण्डरहरू पटक पटक सत्तामा गए, तिनले न्यायका भाषण गरे, परिवर्तनका भाषण गरे, काम केही गरेनन् । जनयुद्ध हामीले गरेका हौं भनेर जनयुद्ध दिवस मनाउने निर्णयमा पुगेकाहरूले जनयुद्धको कारण, जनयुद्धपछि प्राप्त भएको उपलब्धि र सत्तामा पुगेर गरेका नतिजाहरू देखाउन सक्नुपर्थ्यो, सकेनन् ।

**जसले यो राष्ट्रको राष्ट्रिय अस्तित्व नै अस्विकार गर्यो, जसले राष्ट्रनिर्माण गर्नेको शालिक तोड्यो,जसले राष्ट्रिय पहिचानका धरोहरहरु र चिन्हहरुसंग ठुलै सौदाबाजी गर्यो,जसले राष्ट्र बिखण्डन र बिघटनको बिजारोपण गर्यो,जसले यो राष्ट्रको नाम नेपाल भन्ने शब्द नै हटाउन प्रयास गर्यो,जसले गौरबपुर्ण चन्द्रसुर्य अंकित राष्ट्रिय झण्डा नै बदल्न खोज्यो,जसले हाम्रो विशिष्ट बैद्दिक धर्मसंस्कृति,बिबिध परम्परा मास्न खोज्यो,जसले मन्दिरको पुजारीहरु कुट्दै,मन्दिर भत्कायो,जसले बाबु आमाको क्रिया बसेका किरिया पुत्रीहरुलाई आंगनमा ल्याई खुकुरीले मार हानेर छिनायो,जसले राष्ट्रको सेना र प्रहरीमाथि आक्रमण गर्न बिदेशी सेनाको ब्यारेकमा तालिम हतियार र राशनपानी लियो,जसले राष्ट्रिय उत्पादनहरुमाथि धावा बोलेर स्वदेशी उत्पादन बन्द गराई परनिर्भर बनायो त्यही समूह,दल र नेताको झण्डा बोक्दै पछि लाग्छन हाम्रा नेपाली दाजुभाइ दिदी बहिनीहरु अनि यो देश रहला र ?**

जनयुद्ध देश र जनताका लागि घाउ थियो, घाउ नै छ । घाउमा मलमपट्टी गर्ने कुनै जनयुद्धकारी अगाडि सरेन । जनयुद्धकारी जो कमाण्डर थिए, तिनीहरू आज सम्भ्रान्त जीवन जिउँदै छन् । जनयुद्धकालमा तिनको आर्थिक र अन्य हैसियत के थियो, आज के कति भएको छ ? यिनको सम्पत्तिको छानबिन गर्ने हो भने कुनै पनि जनयुद्धकारी नेता दण्डित हुनबाट बच्नेवाला छैन । यही विषयलाई अग्रज पत्रकार तीर्थ कोइरालाले आफ्नो फेसबुकमा स्थान दिएका छन् । यो विषय अध्ययन सबैले गर्नुपर्छ, सबैको टाउको चकाउने छ । प्रश्न यति गम्भीर छन् कि माओवादीले गर्नै नहुने राजनीतिक अपराध गरेका छन्, दण्ड पाएका छैनन् ।

हो, अन्य पार्टीहरू पनि भ्रष्ट छन्, नेताहरू पनि भ्रष्ट छन् । यत्ति भनौं, ठूलोमामाको त यो गति कान्छा मामाको के गति ?

# गाँजाको बहुउपयोगिता बुझौं

नेपालजस्तो पहाडी, हिमाली मुलुकमा गाँजाको खेती उपयुक्त हुन्छ । गाँजाको दुरूपयोग रोकेर सदुपयोग गर्ने नीति लिए गाँजाबाट औषधि उत्पादनमा ठूलो फड्को मार्न सकिन्छ, गाँजा निकासी गर्न सकिन्छ । नेपालको आर्थिक दुरावस्था दूर पार्न सकिन्छ । यसतिर नीति निर्माताहरू किन उदासिन छन्, आश्चर्य लाग्छ ।

भाङ्गलाई तत सम्बन्धि निति बनाएर प्रयोगमा ल्याउने भनेर सरकारले आफ्नो निर्त तथा बजेट भाषणमा सम्बोधन गरिरहँदा एउटा ठूलो समुहले सकरात्मक समर्थन गरिरहेका छन् । यो काम पहिले नै गर्नु पर्ने थियो ढिलै भएपनि स्वागतयोग्य छ, भन्छन् यसका जानकारह? । आउ यसको उपयोगिता र प्रयोगको बारेमा केहि चर्चा गरौ । भाङ्गको महत्वको बारेमा प्राय सबै धर्म ग्रन्थमा उल्लेख गरेको पाइन्छ । सनातन धर्ममा त झन भगवान शिवको प्रिय वस्तुको रूपमा ब्याख्या गरिएको छ । यसको इतिहास खोज्ने हो भने संसारमा पहिलो कपडा भाङ्गबाटै बनेको थियो । सर्बप्रथम बनेको अमेरिकाको झण्डा पनि यसैबाट बनेको थियो । गाँजा र भाङ्ग एउटै प्रजाति हुन तर भाङ्ग मेल हो भने गाजा फिमेल हो । भाङ्गको मुन्टाको प्रयोग र गाँजाको फुल प्रयोग गरिन्छ । तर दुबैको बोट भने धेरै कुरामा प्रयोग गरिन्छ । त्यसको चर्चा तल आउने छ ।

मानव सभ्यतामा एक मात्र यस्तो चिज हो भाङ्ग यसबाट आबस्यक सम्पुर्ण चिज बनाउन सकिन्छ । यसको प्रयोग निम्न कुरामा गर्न सकिन्छ ।

१) कस्मेटिक बस्तुको उत्पादनः क्रिम, लोसन, पाउडर, गाजल, लिपिस्टिक, सावुन, पेस्ट, फेसवास, सम्पुर्ण उत्कृस्ट कस्मेटिक बस्तुहरू आदि बनाउन सकिन्छ ।

२) लगाउने कपडा : सर्ट, पेन्ट, बेस्ट, अन्डरबियर, सारी, मजेत्रो, रिवन, बेडकभर, कोट, बेल्ट, ब्याग, जुत्ता चप्पल आदि सम्पुर्ण बनाउन सकिन्छ ।

३) घर, गाडि बनाउन सकिन्छः मानिस बस्ने घरको वालमा लाउने इटा, टायल्स, पार्केटिङ, गाडिको सम्पुर्ण बडि बनाउन सकिन्छ । अमेरिकाबाट उत्पादन हुने फोर्ड कम्पनिले २०२० मा आफ्नो गाडि यसबाट बनाएको थियो ।

४) मानबलाइ चाइने पोसकतत्व पाइनेः सबै भन्दा बढि ॐमेगा, फाइवर, फ्याटि एसिड, मिनरल, र बिभिन्न भिटामिन यसमा पाइन्छ ।

५) विभिन्न औषधीहरू र खाने कुरामा प्रयोगः मानिसको जटिल समस्याको जस्तै क्यान्सर, अल्जाइमर, डिमेन्सिया, न्युरोलिजिकल समस्या, पेटका बिभिन्न, छालाका विभिन्न समस्या र क्यान्सरमा केमो दिँदा हुने प्रतिकुल असरको पनि यसले सहजीकरण गर्छ । अचार, सब्जि र मिठाइ जस्ता खाने कुरामा समेत प्रयोग गर्न सकिन्छ । भने निन्द्राकम हुने, जिउ दुख्ने, चिन्ता जस्ताको उपचार हुने औषधीहरू बनाउन सकिन्छ । खानेतेल देखि लगाउने तेलसम्म बनाउन सकिन्छ ।

६) भाडावर्तन र खेलौना बनाउनः हाल हामीले प्रयोग गर्ने प्लास्टिका भाडाको जसरी जेजे चलाइ रहेका छौं त्यसको विकल्पमा सम्पूर्ण सामान यसबाट बनाइन्छ ।

७) वातावरण सन्तुलन राख्छः हामी बसेको र प्रयोग गर्ने माटोको जैबिक तथा रासायनिक उत्सर्गनबाट भएको असरलाई सन्तुलन गर्दछ । दोस्रो बिश्व युद्धताका जापानको हिरोसिमा र नागासाकीमा पड्काइएको अणु बमको कारणले बिग्रेको माटोको पेस्टिआइड हटाउन बिगत ८ बर्ष देखि त्यहाँ गाँजा खेति गरिएको छ । हाल त्यहाँ बिरूवा उम्रन थालेका छन । वातावरण सन्तुलन हुन थालेको छ ।

८) गाँजा खेति वर्षमा ४ पटक गर्न सकिन्छ : यो हिमाल, पहाड र तराइ जुनै पनि ठाउँमा हुन्छ । जस्तोसुकै रूखो ठाउँमा समेत हुन्छ । अन्य सामान्य बनस्पति भन्दा १० गुणा बढि वातावरणलाई सन्तुलन राख्छ । भाइरस, ब्याक्टेरिबाट बचाउँछ ।

९) एकपटक लगाएपछि पटक पटक लगाउनु पर्दैन : रूखो ठाउँमा समेत उत्पादन हुने र बयस्क बिरूवाको सम्पूर्ण भाग प्रयोगमा ल्याउन सकिन्छ जादैन ।

यसलाई हेम्प, मेरिजुवाना, केनाइभिस जस्ता बिभिन्न नामले चिनिन्छ । हिमाली भेगमा उत्पादन हुने गाँजा उत्कृस्ट हुने हुँदा नेपालको गाँजा लुकाइ छुपाइ महँगो दाममा युरोपसम्म पुग्ने गरेकोले यसको बजार संसारभर पुर्‍याउन सकिने छ । यसको अचम्मको बिशेषता त यस्तो छकि एक भोको मानिसले खाएमा अघाएको महसुस हुने र अघाएकोले खाँदा खाएको पच्ने गर्दछ । त्यसैले सायद शिवजीको बुटि भनिएको होला । भारत छिमेकि देशमा भाङ्गलाई बैधता दिइएको छ भने गाँजालाई अझैपनि प्रतिबन्ध लगाइएको छ । यसबाट होमियोपेथिकमा क्यानाइव सटाइभा र क्यानाइभा इन्डिका २ वटा औषधि बनाइएको छ । एउटा भाङ्गबाट बनाइएको हो भने अर्को गाँजाबाट बनाइएको हो । - घनश्याम सुवेदीको सहयोगमा


# एससीटी र एभरेष्ट बैंक सम्झौता



**स्मार्टच्वाईस टेक्नोलोजिज लिमिटेड (SCT) र एभरेष्ट बैंक लिमिटेड (Everest Bank Limited) बिच स्मार्ट पे मार्फत अन्तर बैंक भुक्तानी सेवा सञ्चालनका लागि सम्झौता सम्पन्न ।**

पौष १७ । नेपाल राष्ट्र बैंकबाट अनुमति प्राप्त भुक्तानी प्रणाली सञ्चालक संस्था स्मार्टच्वाइस टेक्नोलोजिज लिमिटेड (SCT) र एभरेष्ट बैंक लिमिटेड बिच स्मार्ट पे मार्फत अन्तर बैंक भुक्तानी सेवा सञ्चालनको सम्झौता सम्पन्न भएको छ ।

यस सम्झौता पश्चात एभरेष्ट बैंक लिमिटेडका ग्राहक तथा प्रयोगकर्ताहरूले आफ्नो बैंक खातामा स्मार्ट पे सेवा मार्फत स्वदेश तथा विदेशबाट पठाएको रकम तुरून्तै प्राप्त गर्ने सक्नेछन् । कार्ड, क्यूआर, अन्तर बैंक भुक्तानी, मोबाइल बैंकिङ्ग लगायत भुक्तानी सेवा दिदै आएका स्मार्टच्वाईस टेक्नोलोजिजले स्मार्ट पे ब्राण्डमा भुक्तानी सेवा यसै वर्ष सुरू गरेको हो । यस सेवा मार्फत बैंक वित्तीय संस्था लगायत रेमिटान्स कम्पनी, ब्रोकर हाउस, बिमा कम्पनी तथा ठ' ला कर्पोरेटहरूले आफ्ना सेवाग्राहीका नेपालभरीका बैंक खातामा सहज र छिटो रकमान्तर गर्न सक्नेछन् ।



राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक
(साविक म.क्षे.हु.नि.) गो.हु.द.नं. ५/०६७-६८ हाल ५/०८१-८२
का.जि.का.द.नं. २५-०३९/४० भ्याट नम्बर- ३ ० ४ ५ ६ २ ४ ४ ४
मंगलबार Tuesday
२०८१ पुस २३, Jan, 7, 2025





अन्तिम पातो - शाश्वत शर्मा

# छिमेकीहरू नै यतातिर लागे

नेपाली राजनीतिको मुख्य चर्चा पूर्वराजा ज्ञानेन्द्र शाहको भारत, लखनउको भ्रमणको छ । बाँकेबाट सिधै उत्तरप्रदेश सरकारले सवारी चलाएको थियो । गतहप्ताको अन्ततिर उत्तर प्रदेशकै प्रयागराजमा शुरू भएको महाकुम्भ मेलामा स्नान र पूजा गर्ने कार्यक्रम थियो । त्यहाँ भारतका प्रधानमन्त्री नरेन्द्र मोदी, सुरक्षा सल्लाहकार अजित डोभल, विदेश मत्री जयशंकरसहित धेरै नेताले भेटवार्ता गरको बताइयो । अर्को खबर अनुसार भारतका मन्त्रीहरू राजनाथलगायतले पनि पूर्वराजाको दर्शन गरेको खबर छ । पूर्वराजाको यस पटकको भ्रमणलाई निकै गम्भीर मानिएको छ ।

मानमनितो पाउनु स्वभाविक थियो, स्वागतयोग्य नै छ । तर एउटा खबरले नेपालीलाई झस्काएको छ । महाराष्ट्रको नागपुरदेखि आरएसएसका अध्यक्ष मोहन भागत लखनउ आएर राजासँग भेट मात्र गरेनन्, उनले राजा बन्ने आकांक्षा त्याग्नुस्, नेपाललाई हिन्दुराष्ट्र बनाएर अखण्ड भारत निर्माणमा लागौं भनेर प्रस्ताव गरेको र त्यसको जवाफमा पूर्वराजा ज्ञानेन्द्रले म राजा बनौला नबनौला, त्यो अर्को विषय हो, नेपाल एउटा सार्वभौम र स्वाधीन राष्ट्र हो, तपाईको प्रस्ताव मलाई मान्य छैन भनेपछि मोहन भागवत बेखुसी भएर नागपुर फर्केको कुराले सामाजिक सञ्जालमा भाइरल बनेको छ । राजा रिसाएको थाहा पाएर उत्तरप्रदेशका मुख्यमन्त्री योगी आदितयनाथले माफी मागेको खबर पनि छ । तर यो समाचारको पुष्टी भइसकेको छैन । सवाल यत्ति हो, हावा नचली पात हल्लिदैन । भारतलाई हिन्दुराष्ट्र बनाउने एजेण्डासहित ४ सय सिट जित्न चुनावमा होमिएको भाजपाले बहुमतसमेत ल्याउन सकेन ।

भाजपा र नरेन्द्र मोदी नेपालमा के चाहन्छन्, स्पष्ट छैन । विश्लेषकहरू भन्छन्- प्रधानमन्त्री र परराष्ट्रमन्त्रीले हालै गरेको चीन भ्रमण र बीआरआईमा गरेको सम्झौताबाट रिसाएर सत्तारूढ कांग्रेस, एमालेलाई तर्साउन भारतले खेल खेलेको हो । आरएसएसको कुरा सत्य हो भने भारत नेपाललाई भारतमा मिलाउनेमा छ ।

दलहरू देखाएर राजालाई धम्क्याउने, राजालाई देखाएर दलहरूलाई तर्साउने भारतीय नीति खतरनाक छ । यसको अर्थ आमनेपालीले चनाखो भएर बस्नुपर्ने भयो ।

आफ्नो सत्तास्वार्थका लागि सधैं भारतका सामु लम्पसार पर्ने नेपालीहरू सत्ताकै लागि भारतलाई खुशी पार्न जस्तोसुकै निर्णय पनि गर्नसक्छन् । जो आफ्नै भूमि भारतले खाइदिंदा बोल्दैनन्, बोल्न सक्दैनन्, यस्ताको भर विश्वास गर्न सकिदैन । स्मरणीय छ, नेपालमा आरएसएसको बिस्तार तीब्र गतिमा भइरहेको छ । शाखा र सदस्यता बढाउने भनेको अखण्ड भारतको अभियानलाई सफल पार्नकै लागि हो । आरएसएसको उद्देश्य नेपाल, बंगलादेश, श्रीलंका, भुटान, अफगानिस्तान, पाकिस्तानलाई समेटेर अखण्ड भारत निर्माण गर्ने हो । भाजपाको नीति पनि यही हो । यही गोप्य उद्देश्यका लागि भारतको संसदमा राखिएको भारतीय नक्सामा नेपालको पनि केही भाग भारतमा देखाइएको छ । यस्तो भारतले नेपालमा कोर्ष करेक्शन गर्ला त ? भन्नेहरू पश्चिमाले भारत र चीनलाई गिजोल्न थालेकोले चीन र भारत र रूसले नेपालमा बिना पिंधका लोटाजस्ता नेताहरूलाई किनारा लगाएर राजतन्त्र पुनर्स्थापना गर्न लागेको छ । तर नेपाललाई नसोधी नेपालकै कालापानी, लिम्पियाधुरा भारतमा मिलाउने र त्यही नेपाली भूभागबाट ब्यापार थाल्ने, कैलाश मानसरोबरको यात्रा गर्ने ढोका खोलिनुले पनि नेपाल भूराजनीतिक चेपोमा च्यापिन पुगेको छ । चीनको मनसुवा पनि धमिलो देखिन्छ । अमेरिकी प्रभावलाई रोक्न सामान्य करेक्शनले सक्नेछैन । राजसंस्था हुँदा कुनै छिमेकी अथवा विश्वशक्तिले नेपाललाई चलखेल मैदान बनाउन सकेका थिएनन् । हरेक मित्रराष्ट्र नेपालप्रति विश्वस्त थिए । गणतन्त्र नामको व्यवस्था आएपछि नेपाल भ्रष्टको मुलुकमात्र बनेन, कुनै पनि नेताप्रति मित्रहरू विश्वस्त छैनन्, नेपालले विश्वास गुमाउन पुगेको छ । नेपालले विश्वासको संचिति सिध्याएको छ ।

आफू असुरक्षित हुनेभएपछि छिमेकी र पश्चिमाको प्रतिस्पर्धा नेपालमा हुने नै भयो । जेहोस्, पूर्वराजाको महाकुम्भ यात्राले नेपालीलाई सचेत पारेको छ । भारतको मनसुवा बुझ्न सहज भएको छ । नेपालको नाडी छोमकै भए पनि भारतले बुझेको छ कि राजतन्त्र नभए पनि लोकप्रिय राजतन्त्र नेपालको स्वराजप्रति पहाड बनेर खडा भएका छन् । पूर्वराजाको यो भ्रमणले विदेशीका सामु लम्पसार पर्ने र राजनीतिक स्वार्थ शिद्ध गर्ने नेताहरूलाई पनि खबरदारी गरेको छ । जनतामा संचेतना छर्ने कार्यले नेपालको हित नै भएको छ । सिंहासनमा नभए पनि पुर्खाले आर्जेको राष्ट्रप्रतिको जिम्मेवारी पूर्वराजाले बखुबी निर्वाह गरेका छन् । नेपाली भनेको नेपाली नै हो, नेपालीले नेपालको बिखण्डन र बिभाजन, सिक्किमीकरण मन पराउँदैन भन्ने सन्देश प्रवाह भएको छ । यस्तै संचेतनाले नेपालीत्व बिनष्ट हुनबाट बच्नेछ ।

## स्तन क्यान्सरका लक्ष्यणहरू

- स्तन वा काखीमुनी नदख्ने गिर्खा वा गाँठो देखिनु,
- स्तनको छालामा निको नहुने घाउ आउनु,
- स्तनको आकारमा परिवर्तन हुनु,
- स्तनको छाला सुन्तलाको बोक्राजस्तो हुनु,
- स्तनको मुन्टा भित्रतिर जानु,
- स्तनको मुन्टाबाट रगत वा पीप बग्नु,
- स्तन दुख्नु वा सुन्निनु,

यस्ता कुनै पनि लक्षण देखिए तुरुन्तै चिकित्सकसंग परामर्श गरौं ।



नेपाल सरकार
विज्ञापन बोर्ड

# संविधान : ताक परे मात्र संविधान भयो




लोकतन्त्रमा चरित्र हुनैपर्छ । संवैधानिक अथवा सामाजिक चरित्र, नैतिकता भनेको त्यो बन्देज हो, जसले लोकलज्जामा बस्न सिकाउँछ र कसैले नैतिकहीन भन्छ कि भन्ने सदैव हेक्का राख्न लगाउँछ । त्यसैले त बेलायतमा संविधान नभए पनि नैतिकताले पद्धति चलेको छ । हाम्रो नेतृत्व संविधान संविधान भन्छ, नैतिकताबाट च्यूत भएको थाहै पाउँदैन, चरित्र नभएपछि केको शरम, यस्तालाई संविधान भनेको कागजको खोस्टो मात्र हो ।

मूलको पानी र कूलको सन्तान सधैं स्वच्छ र इमान्दार हुन्छ भनिन्छ । मूल प्रदुषित भएपछि, अभिभावक नैतिकहीन बनेपछि न पानी पिउन लायक रहन्छ, न सन्तान सद्‌विचारमा रहन्छन् । यस्तै देखिन्छ हाम्रो मुलुकको बन्दोवस्ती । राजनीतिमा चरित्रको फोहरी नाली नै पसेको छ । त्यसैले त नेताहरू, शासक प्रशासकहरू गनाइरहेका छन्, बागमतीजस्तै ।

मूल भनेको बिधिको शासन हो, कूल भनेको राजनीतिक दलहरू हुन् । संविधान बन्यो, विधि बस्न सकेन । ठूला नेताहरू सिद्धान्तहीन बनेर सत्ताका लागि मिल्छन्, त्यसैलाई संविधान, विधि भन्ने गरिएको छ । यो लाजमर्दो स्थिति हो । शासनविधि अस्तव्यस्त भइरहेको छ । कूल अर्थात राजनीतिक दलहरू हुन्, उनीहरू आफै अव्यवस्थाका प्रेरक उदाहरण बनेका छन् । अनि कसरी सुशासनको कल्पना गर्न सकिन्छ ?

अनियमितता, गैरजिम्मेवारी, कर्तव्यहीनता र भ्रष्टाचार हुने भनेको जहाँ शक्ति हुन्छ, त्यहीबाट हो । अहिले मुलुकमा पन्पिएको भ्रष्टाचार र राजनीति अपराधिकरणको तीतो यथार्थ भनेको राजनीतिको स्रोत भ्रष्टाचार हो, भ्रष्टाचारको स्रोत शक्ति हो । अब त चुनावमा, सत्तासञ्चालनमा खुलेआम डन र धनको प्रयोग भइरहेको छ । डन र धनको प्रयोगबाट चुनाव, चुनावपछिको शासनमा बेथिति बढ्यो । पदप्राप्तिको दौड र तिनले चुनेका समानुपातिक, तिनको कुशासन हेरे प्रष्ट हुन्छ । हरेक ठूला पार्टीका बडे बडे नेताहरूसमेत भ्रष्टाचारमा गनाएका छन् । गनाएकाहरू विधिबेत्ता बनेका छन् । प्रतिपक्षीमाथि कारवाहीको दण्ड चलाइन्छ, आफ्नालाई संरक्षण दिइन्छ । यस्तै नेताहरूले संविधान कार्यान्वयन भनेर कुर्लिरहेका छन् । जनताको मन जित्नै सकेनन् कुनै पनि दल र दलका नेताहरूले । संविधान भए के नभए के ? भाग शान्ति चलिरहेछ ।

भ्रष्टाचार पन्पिएको सही हो । अहिले त हदैसम्मको भ्रष्टाचार र माफियाकरण भइरहेको छ । लोकशासनमा जति भ्रष्टाचार कुनै पनि शासनमा भएको थिएन । भ्रष्टाचार भयो भन्ने हल्ला चल्छ, अदालतमा मुद्दा पनि पुग्छ र भ्रष्टाचारीले सहजै उन्मुक्ति पाउँछन् । यो पद्धतिको दोष होइन, नेतृत्वमा रहेका नेताहरूको नैतिकहीनताको पराकाष्ठा हो । जबसम्म जनप्रतिनिधि, शासनाधिकारीहरूमा नैतिकताको बोध हुन्न, तवसम्म जस्तोसुकै व्यवस्था आए पनि पवित्र बन्न सक्दैन ।

नेपालमा लोकतन्त्र त आयो, चरित्र निर्माणमा कसैले ध्यान दिएन ।

यसकारण अति भयो । भ्रष्टाचारको मुद्दा जनतहबाट ज्वारभाटा बनेर उठ्नुपर्ने हो । जनता कतिसम्म राजनीतिकरण भइसके भने, एकथरिको कुरा अर्काथरिले पूर्वाग्रहमात्र ठान्न थालेका छन् । नागरिक समाज र अधिकारकर्मीसमेत राजनीतिक कित्ता कित्तामा काटिएका छन् । स्वच्छ, स्वतन्त्र समाजको संरचना भत्किएको छ । भत्किएको समाजले सरकारलाई खबरदारी गर्न सक्दैन । सार्वभौम जनता मात्र चुनावी भोटमा सिमित हुनपुगेका छन् । भोटमा अन्तरनिहित शक्ति छिन्नभिन्न हुन पुगेकाले जनशक्ति कमजोर र राजनीतिक नेताहरूको अपराध बढाउने शक्ति बढेको छ । नेताहरूलाई भ्रष्ट, अनैतिक, अपराधी र माफियाहरूको प्रभावले थिच्ने हुँदा सुशासन स्यालको सिङ झैं गायव भएको छ । कुशासन व्याप्त छ । लोकतन्त्रको आवरणमा अपराध दिनदिनै बढेर गयो छ । स्वराज साँघुरिदो छ ।

चरित्रहीनता कसरी हटाउने ? कसरी बचाउने यो राष्ट्रघातबाट देशलार्य ? कसरी सुधार्ने प्रशासन ? लोकतन्त्रलाई अति राजनीतिकरणको रोगबाट कसरी बचाउने ? क्यान्सरभन्दा भयानक छ- भ्रष्टाचार, नैतिकहीनता । भ्रष्टाचारले नेता, कर्मचारी, व्यापारी, उद्यमी, नागरिक समाजको समेत आचरण बिगारिसक्यो, यसको शुद्धिकरण हुनसकेन भने सुशासन आउनै सक्दैन । देश बोक्ने शक्ति क्षीण पारिदिएपछि देश असफल हुन्छ । १८ वर्षमा बनेको १४ सरकार नैतिकताको जग बसाल्न असफल भयो । जनतामा नैराश्यता बढ्यो ।

देशमा राजतन्त्रलाई रोगको कारण बताइयो । भ्रम रहेछ । यथार्थ त नेताहरू नै रोगका कारण रहेछन् । राजतन्त्र र हिन्दुधर्म फालेपछि त नैतिकताको खडेरी झन बढ्यो । नयाँ होइन, भएको नेपाल पनि सिद्धिन्छ कि भन्ने भय देखियो । अनियमितता, भ्रष्टाचार र अख्तियारीको दुरूपयोग गर्नु नै लोकतन्त्र हो भन्ने भाष्य बन्यो ।

उही कांग्रेस, उही एमाले, उही माओवादी फेरि उही एमाले र कांग्रेस । घुम्दै फिर्दै रूम्जाटार । कुनै नेता अथवा पार्टीले भ्रष्टाचार गर्दिन भनेर प्रतिवद्धता व्यक्त गरेनन् । मात्र विकासको डंका पिटेका छन्, जनताको आँखामा भ्रम छरेर जनतालाई भ्रमित पार्ने काम गरिरहेका छन् । यो बेथिति बढाउने मेलो हो ।

समानता र योग्यताको कदर हुने अवस्था ल्याउन सकेन यो पद्धतिले । जनअपेक्षा संवोधन गर्न सकेन । मात्र भ्रष्ट र भ्रष्टाचार गनाइरहेछ ।



# दोस्रोपल्ट बीआरआई सहमति
# अब कार्यान्वयन रोक्ने प्रयास

प्रेमसागर पौडेल

*तिब्बतसँग सिमा जोडिएका नेपालको हिमाली क्षेत्रमा स्याउ, केसर जस्ता महत्वपूर्ण नगदेवालीको व्यवसायिक उत्पादनमा लगानी गर्ने सोचमा DFC छ । यसोगर्दा चीनियाँ उत्पादनलाई असर पार्न र ती क्षेत्रबाट चीनविरूद्ध गतिविधि बढाउन सकिन्छ भन्ने अमेरिकी सोच हो । ...अमेरिकाको प्रभाव बिस्तारमा लागेको अन्तराष्ट्रिय विकास वित्त निगम, DFCको सकृयता बढेको छ । अर्थमन्त्रालयले DFCको कार्यक्रमलाई प्रभावकारी रूपमा बढाएको छ । निजि क्षेत्रसँग सहकार्यमा अगाडि बढाइएको यो कार्यक्रमकोलागी अमेरिकाले २७० मिलियन डलरको व्यवस्था गरेकोछ ।*

*बीआरआईबारे विभिन्न स्वार्थ समूहले भ्रम सिर्जना गर्ने दुष्टप्रयास गरिरहेका छन् । मेरो विश्वास- अब जनता कसैबाट प्रभावित हुनेछैनन् । DFCले लगानी गरेका फार्महरूलाई कालान्तरमा चीन विरोधी केन्द्रको रूपमा विकास गर्ने सोचका साथ अमेरिका लागेको छ । पूर्वअर्थमन्त्री पुनको कार्यकालमा DFCको सञ्जाल बिस्तार भएको हो । अहिले अर्थमन्त्री पौडेल पनि DFCको लगानी ग्रामिण क्षेत्रसम्म पुऱ्याउने सोचमा छन् । सिमानाको रक्षा गर्न नसक्नेले देशको हितमा किन उभिन खोज्थे र ?*

*हाम्रा नेता कस्ता छन् भने प्रत्येक चुनावअघि नेताको अनुहार खपटे र निरश देखिन्छ । जनतामा निकै हौसला अनुभूति हुन्छ । चुनावपछि जनताको अनुहार खपटे र निरश हुँदैजान्छ । नेताको अनुहारमा लाली चढ्छ ।*

*जे भइरहेछ, दक्षिणा-पश्चिमाको दानापानी खाएर देशलाई अस्थिर बनाउन र बीआरआई रोक्न अनेकौं नाटक मञ्चन भइरहेको छ ।*

आन्तरिक रूपमा र बाह्य सम्बन्धबारे समस्या अनेक छन् । समस्या संकट बनेर संक्रमण फैलाउन थालिसकेको छ । संकट क्रोनिक भइदियो भने उपचारबिहीन अवस्थामा पुगिने ख्याल कुनै पनि राष्ट्रिय पार्टीहरूले गरिरहेका छैनन् । सबै आआफ्ना डम्फु बजाएर स्वार्थको रोटी सेकिरहेका छन्, देशको चिन्ता नगर्ने र देशप्रति बफादार नबन्ने पनि राष्ट्रिय नेता हुन्छन् र ?

यस्तै तत्व नेता बनेका छन् ।

नेपालका प्रायजसो राजनैतिक दलहरूले नेपाल र नेपालीका विरूध्द घात गर्दै आएका छन् । सरकारमा पुग्नका निम्ति विदेशीसँग मोलमोलाई गर्ने र सरकारमा पुगेपछि देशको नागरिकता, नदीनाला, प्राकृतिक सम्पदा, सुरक्षा ब्यवस्था आदि उनीहरूको हितमा सुम्पने काम हुँदै आएको छ । कुनै दल इमानदार छैनन् । नेपाली भूमि अरूले खाँदा पनि चूपचाप बस्छन् लोकतन्त्रे नेताहरू ।

नेपाली काँग्रेसले कोशी गण्डकीमा भारतीय प्रभाव कायम गर्न सघायो । एमालेले मित्रताका लागि एकदुई एकड जमीन ठुलो कुरा होइन भन्यो र मिचिएका सीमालाई अनुमान गर्ने लक्षण देखायो साथै टनकपुरमा भारतीय प्रभाव कायम गर्न सघायो । माओवादीले आफैले भन्ने गरेको जनयुध्द सुरू गरेको बेला कट्टुमा दिशा खस्ने गरी भारतीय विस्तारवादको विरोध गर्दै थियो, शान्ति प्रकृयामा आउने क्रममा पचास लाखलाई नेपाली नागरिकता दिनुपर्ने, सेनाको आकार घटाउनु पर्ने आदि विषय उठाएर विस्तारवादीको एजेण्डा कार्यान्वयन गर्न सरकारलाई वाध्य वनायो ।

नेपाली काँग्रेस र नेकपा एमालेलाई साम्राज्यवादी विस्तारवादी पुँजीपति सामन्तको दलाल पार्टी भनेर आरोप लगाउने र आफूलाई जनताको पार्टी भनेर चिनाउन खोज्ने सबै कानै चिरिएका जोगी बने । राष्ट्रिय अखण्डताका लागि कुनै एजेण्डालाई सहीरूपमा उठाएनन् । राष्ट्रियता चुनावी प्रोपगण्डाको रूपमा रह्यो । आज, हरेक पार्टीले बिखण्डनलाई बल पुऱ्याएर नेपालको एकता र राष्ट्रियतालाई चिरा चिरा पार्न चाहनेहरूको पक्षपोषण गरिरहेछ, पहिले एकल जातीय पहिचान सहितको संघीयता र अहिले बढ्दो भ्रष्टाचारी संघीयताको पक्षमा उभिएर सुशासनरहित राष्ट्रियता कमजोर वनाउने योजनामा सबै नेता सहभागी भइरहेका छन् ।

